का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १७, अंक २९६
- १ माघ २०७६, बुधबार
- 15 January 2020, Wednesday

www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

# बढ्यो ध्रुबिकरण

उपसभामुख डा.शिवमाया तुम्बाहाङ्फेले पदबाट राजीनामा नदिने अडान लिँदा सत्तारूढ नेकपाभित्र पूर्व एमाले र पूर्व माओवादीबीच ध्रुबिकरण बढेर गएको छ । अध्यक्ष दाहाल सहित प्रवक्ता नारायणकाजी श्रेष्ठ, प्रमुख सचेतक देव गुरुङ र हरिबोल गजुरेल खुलेरै उपसभामुख अडानको खण्डनमा उत्रिएका छन् ।



मुक्ति रेग्मी/मध्यान्ह
काठमाडौं, २९ पुस

२६ पुसमा सत्तारुढ सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) सचिवालय बैठकले निर्णय गरेपनि उपसभामुख डा.शिवमाया तुम्बाहाङ्फेलाई राजीनामा नगर्ने अडान कायमै राखेकी छन् । उपसभामुखको अडानका कारण प्रतिनिधिसभा बैठक झण्डै महिना दिनदेखि अवरुद्ध छ ।

राष्ट्रपति विद्यादेवी भण्डारीले पुस ४ गतेबाटै संसद बैठक शुरु गर्न पत्र पठाए पनि माघ ६ गतेसम्म बैठक नबस्ने निश्चित भएको छ । लगातार सूचना टाँस गरी स्थगित हुँदै आएको संसद बैठक पुस २७ गते पनि सूचना टाँसेर माघ ६ गते बस्नेगरी स्थगित गरिएको छ । नेकपामा सभामुख चयनको विषयले जटिलता उत्पन्न हुँदा प्रतिनिधिसभा बैठक मात्रै बन्धक बनेको छैन, पार्टीभित्र समेत समस्या देखिएको छ ।

यो प्रकरणमा पार्टीको कार्यकारी अध्यक्ष पुष्पकमल दाहाललाई बरिष्ठ नेता माधवकुमार नेपाल पक्षले साथ दिएको देखिन्छ । नेता नेपालले मुख नखोले पनि उनी निकट नेताहरुले यसबारे अभिव्यक्ति दिन थालेका छन् । दाहाल निकट नेताहरुले भने खुलेरै उपसभामुखले राजीनामा गर्नुपर्ने अडान लिइरहेका छन् । मंगलबार चितवन पुगेका अध्यक्ष दाहाले पार्टीभित्र जटिलता आएको अभिव्यक्ति दिए ।

नेकपामा दुवै पक्षले सभामुख आफूले पाउनुपर्ने अडान राख्दै आएका छन् । माओवादी पक्षले अग्नी सापकोटा र एमाले पक्षले सुवास नेम्वाङको नाम अगाडि बढाएका छन् । विशेषगरी, प्रधानमन्त्री समेत रहेका केपी शर्मा ओली र अर्का अध्यक्ष दाहाल बीच दुरी बढेको देखिन्छ । दाहाल निकट नेता हरिबोल गजुरेलले आफूहरूको माग सुनुवाइ नभए पार्टीमा टुटफुट आउन सक्ने चेतावनी दिएका छन् । पार्टी अहिले पनि भागबण्डा मै चलेको दाबी गर्दै नेता गजुरेलले महरा पूर्वमाओवादी नेता भएकाले उनको स्थानमा सोही समूहका नेता छानिनु पर्ने दाबी गरेका छन् । एक अन्तरर्वार्तामा उनले भने 'तनाव त स्वतः हुने भयो । संसदका सबै कामहरू रोकिएका छन् । सत्तापक्षको कारणले संसद अवरुद्ध भयो भनेर प्रतिपक्षीले कुरा उठाइरहेका छन् ।'


'एकताको निश्चित समयसम्म सहमति र सहकार्य गरेर जाने हो । भागबण्डा नै हुने हो' उनले भने, 'यो उपसभामुखले उठाउनुभएको विषयमात्रै होइन । विभिन्न चलखेलहरू भइरहेका छन् । आफ्ना स्वार्थहरू कसरी पूरा हुने भन्नेबाट नै यी सबै कुराहरू भइरहेका छन् । यसरी पार्टीमा टुटफुट पनि आउन सक्छ ।'

सभामुख छनोटको विषयमा प्रधानमन्त्री केपी शर्मा ओलीसँग किचलो परिरहेका बेला नेकपा अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले केन्द्रीय राजनीतिमा जटिलता देखा परेको बताएका छन् । चितवनको माडीमा आयोजित खिचरा महोत्सवको उद्घाटन गर्दै उनले केन्द्रीय राजनीतिमा बेला-बेला केही जटिलता उत्पन्न हुने र अहिलेको अवस्था त्यस्तै भएको दाबी गरे । पूर्व माओवादीका नारायणकाजी श्रेष्ठ र देव गुरुङले समेत उपसभामुखले राजीनामा दिनुको विकल्प नरहेको सार्वजनिक अभिव्यक्ति दिइरहेका छन् । जबकी, पूर्व माओवादीका नेताहरु भने यो प्रकरणमा मौन देखिएका छन् । उपसभामुख शिवमाया तुम्बाहाङ्फे भने आफू किन अयोग्य भए भन्ने चित्त बुझ्दो जवाफ मागिरहेकी छन् ।



**'पार्टीले म सभामुखमा किन अयोग्य भन्ने चित्त बुझ्दो जवाफ दिए पछि मात्रै उपसभामुख पदबाट राजीनामा दिन्छु, त्यसै दिन्न ।'**

**-डा.शिवमाया तुम्बाहाङ्फे, उपसभामुख, प्रतिनिधिसभा**



**'तनाव त स्वतः हुने भयो । संसदका सबै कामहरू रोकिएका छन् । सत्तापक्षको कारणले संसद अवरुद्ध छ ।'**

**-हरिबोल गजुरेल, नेता, नेकपा**

## गोकर्णलाई म्याद थपिएकोमा लिखित कारण माग

काठमाडौं/रासस- सर्वोच्च अदातलले यति होल्डिङ्स प्रालि अन्तर्गतको गोकर्ण फरेस्ट रिसोर्ट प्रालिको भाडा अवधि समाप्त नहुँदै अवधि बढाउने निर्णय गर्नुको लिखित कारण पेश गर्न सरकारका नाममा आदेश जारी गरेको छ । न्यायाधीश कुमार रेग्मीको एकल इजलासले रिसोर्टको भाडाको अवधि बाँकी हुँदाहुँदै समयावधि बढाउनुका कारणबारे १५ दिनभित्र लिखित जवाफ माग गरेको हो ।

अदालतले नेपाल ट्रस्ट र प्रधानमन्त्री कार्यालयसँग लिखित जवाफ माग गरेको हो । अधिवक्ता विष्णु लुइँटेलले यही पुस २५ गते मन्त्रिपरिषद्को कार्यालयलाई विपक्षी बनाई दायर गरेको रिट निवेदनमा रिसोर्टको भाडा अवधि छ वर्ष बाँकी हुँदै पुनः २५ वर्षका लागि बढाउनु कानून विपरीत भएको उल्लेख छ ।

निवेदनमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ ले सार्वजनिक निकायले ठेक्का भाडामा दिँदा सार्वजनिक सूचना गरी सार्वजनिक गरी प्रतिस्पर्धा गराएर मात्र भाडामा दिनुपर्ने व्यवस्था भएको तर सरकारले त्यसको बेवास्ता नगरेको उल्लेख छ ।

उक्त रिसोर्ट रहेको तत्कालीन राजा वीरेन्द्रको सम्पत्ति भई हाल नेपाल ट्रस्टमा भएको हुनाले नेपाल ट्रस्ट ऐन २०६४ र नेपाल ट्रस्ट नियमावली २०६५ ले शिक्षा, स्वास्थ्य र प्राज्ञिक क्षेत्रमा मात्र ट्रस्टको सम्पत्तिको प्रयोग गर्ने भन्ने कानूनी व्यवस्था छ तर होटल, रिसोर्ट, लज सञ्चालन गर्ने कानूनी व्यवस्था नभएको निवेदनमा छ ।

कानून विपरीत सार्वजनिक प्रतिस्पर्धा नै नगरी दिएको गोप्य रुपमा भाडा अवधि समाप्त नहुँदै दिएको उल्लेख छ । रिसोर्ट रहेको ठाउँमा जङ्गल रहेको र जङ्गलमा हरिण, मृग, कालीजलगायत जङ्गली जनावरको बस्ने स्थानमा होटल, रिसोर्ट र मानवीय व्यवहार सञ्चालन गर्दा जीवजन्तुलाई असर पर्ने निवेदनमा उल्लेख छ ।

सरकारले ४७ कोठाको नयाँ भवन निर्माण र अर्को ४०० मान्छे बस्ने मिल्ने सभाहल बनाउन दिँदा जङ्गल मासिने र जङ्गलका रूख काट्नु पर्नाले गर्दा जनावरलाई असर परी वातावरणमा समेत असर पर्ने भएको सरकारको सो निर्णय कार्यान्वयन नगर्न आदेशको माग रिट निवेदनमा गरिएको छ ।

## संसद भवन भत्काएर गेष्ट हाउस !

मध्यान्ह संवाददाता
काठमाडौं, २९ पुस

सिंहदरबारस्थित पुरानो संसद भवन भत्काएर 'स्टेट गेष्ट हाउस' बनाउने तयारी सुरु भएको छ । मंगलबार प्रतिनिधिसभा अन्तर्गतको विकास तथा प्रविधि समितिले नेपालकै पहिलो सिंहदरबारस्थित संसद भवन भत्काएर अत्याधुनिक नयाँ भवन निर्माण गर्न निर्देशन दिएको छ । उक्त भवन भत्काएर विदेशी पाहुनाहरुका लागि 'स्टेट गेष्ट हाउस' बनाउने तयारी भइरहेको शहरी विकास मन्त्रालयले जनाएको छ ।

मंगलबार समितिले शहरी विकास मन्त्रालय र राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रतिनिधिसँग छलफल गरेपछि समितिले भूकम्पबाट जिर्ण बनेको संसद भवन भत्काएर यसको मौलिकतालाई बिग्रन नदिई नयाँ अत्याधुनिक भवन बनाउन निर्देशन दिएको हो । समिति सभापति कल्याणी कुमारी खड्काले शहरी विकास मन्त्रालय र राष्ट्रिय पुनर्निर्माण प्राधिकरणलाई उक्त निर्देशन दिएकी हुन् । सभापति खड्काले भनिन्- 'बचाएर कतिसम्म उपयोग गर्न सक्छौं ? यसलाई यथावत राख्न सक्ने देखिँदैन ।'

बैठकमा सांसदहरुले राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले संसद भवन भत्काएर वा रेट्रोफिटिङ गर्ने भन्ने विषयमा उचित सुझाव दिन नसकेको बताएका थिए । सांसद रामबहादुर विष्टले भूकम्प गएको धेरै वर्ष हुँदा समेत भवन निर्माणको सुरुवात हुन नसकेको र कसरी बनाउने भन्ने सुझाव समेत दिन नसकेको बताए । सांसद यज्ञराज सुनुवारले जिर्ण भवन राखेर उपयुक्त नहुने भएकाले नयाँ भवन निर्माण गर्नुपर्ने बताए ।

बैठकमा शहरी विकास मन्त्रालयका सचिव मधुसुदन अधिकारीले पुरानो संसद भवन भत्काएर स्टेट गेस्ट हाउस बनाउने सुझावहरु विज्ञबाट आएको बताए । 'प्रबलिकरण गरेर बचाउन सकिन्छ तर बचाएर के गर्ने ? त्यसकारण यसलाई भत्काएर अत्याधुनिक स्टेट गेस्ट हाउस वा स्टेट हल बनाउने प्रस्ताव विज्ञबाट आएको छ । तर हामी निर्क्योलमा पुगेको छैन' उनले भने ।

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका सचिव शिवहरी शर्माले भवनलाई यथावत अवस्थामा राख्न उपयुक्त नहुने भएपनि भत्काएर अर्को संरचना बनाउने कि के गर्ने निर्णय नभएको बताए । 'स्टेट गेस्ट हाउस बनाउनुपर्ने कुरा पनि आएको छ तर निर्क्योल भने भएको छैन । पुनर्निर्माण गरेर प्रयोग गर्न सम्भव छैन । नयाँ बनाउदा अहिलेकै जस्तो बनाउने कि स्टेट गेस्ट हाउस बनाउने भन्ने द्विविधामै छौं' उनले भने । उनले केहि बजेट विनियोजन गरिएपनि के बनाउने भन्ने निर्क्योल भएपछि बजेट थप हुने बताए । समितिले भने भवनलाई यत्तिकै बचाएर उपयोग गर्ने अवस्था नहुने भएकाले मौलिकता कायम राखेर नयाँ अत्याधुनिक भवन बनाउन निर्देशन दिएको हो ।

### सय जनाको बाध्यकारी प्रावधान

## स्वच्छ व्यवसायको प्रतिकुल

मध्यान्ह संवाददाता
काठमाडौं, २९ पुस

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा वैदेशिक रोजगार व्यवसायीको ईजाजतपत्र नवीकरणका लागि अनिवार्य रुपमा वार्षिक एक सय जना कामदार वैदेशिक रोजगारमा पठाउनुपर्ने वाध्यताले स्वच्छ भर्नाको अन्तर ाष्ट्रिय मान्यतालाई खण्डित गर्ने विषयमा बहस शुरु भएको छ ।

सरकारले गत भदौ १ गते जारी गरेको वैदेशिक रोजगार पाँचौ संशोधन नियमावली २०७६ मा म्यानपावर कम्पनीको ईजाजतपत्र नवीकरण गर्न पछिल्ला दुई आर्थिक वर्षमा कम्तिमा एक/एक सय जना कामदार वैदेशिक रोजगारीमा पठाएको संख्या प्रमाणित हुनुपर्ने अनिवार्य व्यवस्था गरेको छ ।

मन्त्रालयद्वारा वैदेशिक रोजगार ऐन २०६४ संशोधन सुझावका लागि गठित कार्यदलमा यस विषयमा छलफल भई यसलाई परिमार्जन गर्नु उचित हुने विषय गम्भीर रुपमा उठेको बैठकमा एक सहभागीले मध्यान्हलाई जानकारी दिए ।

भदौ १ मा जारी भएको नियमावली संशोधन गर्दा मुल नियमावलीको नियम ८ मा थप व्यवस्था गर्दै नवीकरण सम्बन्धी व्यवस्थामा दुई आर्थिक वर्षमा प्रत्येक आर्थिक वर्ष कम्तिमा एक सय जना कामदार वैदेशिक रोजगारमा पठाएको प्रमाणित गर्नुपर्ने व्यवस्था रहेको छ ।

कतिपय व्यवसायीहरुले नियमावलीमा आएको व्यवस्था गत वर्ष फागुनमा भएको वैदेशिक रोजगार ऐन २०६४ को संशोधित व्यवस्था भन्दा फरक रहेको भन्दै असन्तुष्टि राख्दै आएका छन् ।

मन्त्रालयको छलफलमा सहभागी एक उच्च सरकारी अधिकारीका अनुसार नवीकरण हुनकै लागि वार्षिक सय जना कामदार वैदेशिक रोजगारमा पठाउनुपर्ने बाध्यताको प्रावधानले मर्यादित रुपमा थोरै कामदार पठाउँछु भन्ने ईमान्दार व्यवसायीलाई व्यवसायबाट पलायन गराउने विषयमा गम्भीर रुपमा छलफल भएको छ । तर, मन्त्रालयस्तरमा त्यस विषयमा टुंगो लाग्न बाँकी रहेको छ ।

मन्त्रालय स्तरमा सहमति भएपनि व्यवसायीहरुले तत्काल यसको लाभ पाउने सम्भावना कम रहेको छ । मन्त्रालयबाट वैदेशिक रोजगार ऐनमा संशोधनको प्रश्ताव अघि बढाइएपनि त्यसले संशोधनको प्रक्रिया पूरा गर्न लामो समय लाग्ने देखिएको छ । हाल जारी संसदीय गतिरोधले प्रक्रिया थप लम्बिने सम्भावना बढेको हो ।

संशोधित नियमावलीमा कुनैपनि म्यानपावर कम्पनीको शेयर दाखेल/खारेज दुई आर्थिक वर्षमा एक पटक मात्र गर्न पाइने व्यवस्था गरिएको छ । उक्त प्रावधानले म्यानपावर कम्पनीको सञ्चालक छिटो-छिटो परिवर्तन हुने विगतको व्यवस्थालाई निरुत्साहित गर्ने देखिएपनि त्यसले व्यक्तिको सम्पतिको उपभोग बेचबिखन तथा हस्तान्तर सम्बन्धी संवैधानिक अधिकारमा आघात पुऱ्याएको भनी त्यसमा पनि छलफल हुनुपर्ने तर्क छलफलमा उठेको बताइएको छ ।

संशोधित बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

### कोरिया फर्केर आत्महत्या

काठमाडौं/मस- वैदेशिक रोजगारीका लागि दक्षिण कोरिया गएका एक नेपालीले झुण्डिएर आत्महत्या गरेका छन् । रोजगार अनुमति प्रणाली (ईपीएस)मार्फत कोरिया गएका पाँचथर फिदिम नगरपालिका २ को लालीखर्कका विवेक राईले झुण्डिएर आत्महत्या गरेको त्यहाँस्थित नेपाली दूतावस श्रोतले बताएको छ ।

दक्षिण कोरीयामा रोजगारदाता तथा परिवारको दवावका कारण आत्महत्या गर्ने नेपालीहरुको संख्या उल्लेखनीय रहेको छ । राई केहि महिनाअघि विदामा घर आई पुनः रोजगारीका लागि दक्षिण कोरिया गएका थिए । बंगुर फर्ममा काम गर्ने उनी बेलुका खाना खाएर साथीहरुसँगै सुतेको र बिहान कम्पनीभित्रै झुण्डिएको अवस्थामा फेला परेको बताइएको छ ।



# 'सामाजिक सुरक्षा योजना, आकर्षक योजना'

**काठमाडौं/मस–** राष्ट्रियसभाका सदस्य राम नारायण विडारीले सामाजिक सुरक्षा योजना आकर्षक योजना भएको बताएका छन्। उनले सामाजिक सुरक्षा ऐनले संविधानको पालना गरेको भएपनि केही व्यक्तिहरुले यसलाई असफल पार्न प्रयत्नशील रहेको बताए।

तराई विकास तथा सञ्चार केन्द्र नेपालले सञ्चालनमा ल्याएको सञ्चार केन्द्र नेपालद्वारा मंगलबार आयोजित 'सामाजिक सुरक्षा कोष : भ्रम र वास्तविकता' विषयक अन्तरक्रिया कार्यक्रममा बोल्दै नेता विडारीले सामाजिक सुरक्षासम्बन्धी करको विषयमा, धेरै तलब खाने कर्मचारीहरुको बीचमा केही अप्ठ्याराहरु रहेको भएपनि सामाजिक सुरक्षा योजना आकर्षक योजना भएको बताए।

नेता विडारीले पछिल्लो समय विभिन्न सरकारी स्वामित्वका कार्यालय र बैंक तथा वित्तिय क्षेत्रका अधिकारीहरुले आफूँखुसी नियम बनाएर मनोमानी रकम लिँदै आएकाहरुलाई मात्र अप्ठ्यारो पर्ने भएकाले सामाजिक सुरक्षा योजनामा नजान अस्थायी र ज्यालादारी कर्मचारीहरुलाई उछालेको आरोप लगाए।

उनले भने– 'अस्थायी र ज्यालादारी कर्मचारीहरुलाई विभिन्न डर त्रास देखाई सामाजिक सुरक्षा स्किमप्रति भ्रमपूर्ण सन्देश फैल्याउँदा त्यस्ता कर्मचारीहरु अन्योल परेका छन्।' तर उनले अस्थायी र ज्यालादारी कर्मचारीहरु समेत सामाजिक सुरक्षा योजनाको हकदार भइरहने कानूनमै स्पष्ट भएको दाबी गरे।




देशमा नयाँ स्किम आउँदा विरोध हुने भन्दै उनले भ्याट लागू हुने बेलामा समेत केही अवैध काम गर्ने उद्योगी, व्यापारीहरुले अफवाह फैल्याएका थिए भ्याटका विषयमा जस्तै केही व्यक्तिले अन्योलता फैल्याउने कोसिस गरिरहेको भएपनि सामाजिक सुरक्षा योजनासम्बन्धी योजना सामान्य मान्छेहरुका लागि ठीक भएको जिकिर गरे।

कार्यक्रममा सामाजिक सुरक्षा कोषका कार्यकारी निर्देशक कपिलमणि ज्ञवालीले पछिल्लो समय बजारमा सामाजिक सुरक्षासम्बन्धी हल्लाहरु फैल्याइएकोमा आपत्ति जनाउँदै यथार्थतामा गएर आफूँहरुको आलोचना गर्न सुझाव दिए।

उनले विश्वका शक्ति राष्ट्रहरु अमेरिका युरोपहरुमा रहेका हाम्रा नेपाली दाजुभाइ तथा दिदीबहिनीले समेत सामाजिक सुरक्षाको फाइदाहरु लिइरहेको जनाउँदै अन्तर्राष्ट्रिय सामाजिक सुरक्षाको अवधारणा अनुसार नेपालमा पनि तर्जुमा गरी कानूनी रुपमा नै सामाजिक सुरक्षा कार्यक्रमलाई अघि बढाइएको बताए। विकसित मुलुकहरुमा १३० वर्ष अगाडि देखि सामाजिक सुरक्षा योजना लागू भएको भन्दै उनले नेपालमा भर्खरै आएको सामाजिक सुरक्षा योजनाहरुमा सबैको साथ र सहयोग हुनु जरुरी भएको बताए।

निर्देशक ज्ञवालीले सामाजिक सुरक्षा कोषले औषधि उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना, दुर्घटना तथा अशक्तता सुरक्षा योजना, आश्रित परिवार सुरक्षा योजना र वृद्ध अवस्था सुरक्षा योजना गरी चार वटा स्किमहरु ल्याएको बताए। तर सामाजिक सुरक्षा कोषको स्किमहरु अहिलेकै अवस्थामा थेग्न सक्दैन भन्ने कुराहरु बाहिर फैल्याइएको भएपनि सामाजक सुरक्षासम्बन्धी स्किमहरु प्रभावकारी र आकर्षक रहेको उनले दाबी गरे। उनले हालसम्म १ लाख ३८ श्रमिक र १२ हजारभन्दा बढी संघ सस्थाहरु समेत सामाजिक सुरक्षा कोषमा सहभागि भइसकेकोमा ठूलो मात्रामा रोजगारी सिर्जना गर्दै आएको कम्पनीहरु समेत सामाजिक सुरक्षा कोषमा सहभागि भएको दाबी गरे।

कार्यकारी निर्देशक ज्ञवालीले सामाजिक सुरक्षा कोषमा प्रशिक्षार्थी कामदारहरुसमेत सहभागि भएको जानकारी गराउँदै यसभन्दा अगाडि ३ महिनाका लागि प्रशिक्षार्थीका रुपमा कामदार राख्दै आएकोमा हाल ६ महिनाका लागि कामदार राखेर कोषमा सहभागि भएकाले सामाजिक सुरक्षा कोषका स्किमहरु आकर्षक रहेको दाबी गरे। उनले यस योजनालाई सफल कार्यान्वयन गराउन आफूँहरु लागि परेको बताए।

कार्यक्रममा बैंकर संघका सिइओ अनिल शर्माले सामाजिक सुरक्षा कोषमा आफूँहरुको आपत्ति नभएको भन्दै सामाजिक सुरक्षा योजना अर्न्तगत केही कन्फ्युजहरु आफूहरुमा रहेको बताए। उनले निजी क्षेत्रको कर्मचारी र निजामती क्षेत्रका कर्मचारीबीच विभेद भएको गुनासो आएकाले सामाजिक सुरक्षा कोषलाई यस विषयमा जानकारी गराईसकेकाले कोषले छिट्टै यससम्बन्धमा निष्कर्ष निकाल्नेमा आफुँ आशावादी रहेको बताए।

उनले सामाजिक सुरक्षा कोष निजी क्षेत्रका लागि नयाँ योजना भएकाले यससम्बन्धी आफुँहरु गृहकार्यमा जुटेको भन्दै यसम्बन्धी आफूँहरु नियमित छलफलमा रहेको बताए।

कार्यक्रममा प्रेस काउन्सिल नेपालका सदस्य गोविन्द प्रसाद चौलागाईंले पछिल्लो समय सरकारले ल्याएको सामाजिक सुरक्षासम्बन्धी योजनाहरु समग्र श्रमिकहरुको हक हितमा भएकाले यसलाई प्रभावकारी ढंगले कार्यान्वयन गर्न सबै पक्षले सहयोग गर्नुपर्ने धारणा राखे।

त्यसैगरी कार्यक्रममा ट्रेड युनियन कांग्रेसका उपाध्यक्ष तेजेन्द्र कार्की, वरिष्ठ अधिवक्ता रमेश वडाल, कोषका निर्देशक रोहित रेग्मीलगायतका वक्ताहरुले आफ्नो सान्दर्भिक भनाइ राखेका थिए। सामाजिक सुरक्षा योजनाबारे केही निजी व्यावसायिक प्रतिष्ठानहरुबाट केही विरोधहरु समेत आइरहेको सन्दर्भमा मंगलबार सञ्चार केन्द्रले सो कार्यक्रम आयोजना गरेको हो।

# स्थानीय तहमा बेरुजुको चाङ

**खोटाङ/मस–** महालेखा परीक्षकको कार्यालयले यहाँका दशवटै स्थानीय तहमा बेरुजु औंल्याएको छ। प्रारम्भिक प्रतिवेदनअनुसार जिल्लाका दुई नगरपालिका र आठ गाउँपालिकामा करोडौं बेरुजु देखिएको हो।आर्थिक वर्ष २०७५/०७६ भित्र ती स्थानीय तहले सम्पादन गरेका आर्थिक गतिविधि विषयमा डेढ महिना लगाएर लेखा परीक्षण गर्दा बेरुजु भेटिएको हो।

पेश्की, नियमित गर्ने, फछ्र्योट गर्नुपर्ने र असुल गर्नुपर्ने लगायत बेरुजु रकमका आधारमा महालेखाले स्थानीय तहको बेरुजुको मात्रा औंल्याएको हो। प्रतिवेदन अनुसार ऐसेलुखर्क गाउँपालिकामा आव २०७५/०७६ मा रु १४ लाख ६१ हजार ७७७ बेरुजु औंल्याइएको छ। अघिल्लो आवमा गाउँपालिकामा रु ४० लाख ३४ हजार ५६६ बेरुजु देखिएको थियो। अघिल्लो आवमा रु तीन करोड ३६ लाख ७१ हजार ८०६ बेरुजु पाइएको केपिलासगढी गाउँपालिकामा आव २०७५/०७६ मा रु एक करोड ६२ लाख २८ हजार २८७ बेरुजु देखिएको छ। अघिल्लो आवमा रु ७४ लाख ४६ हजार ४९९ बेरुजु रहेको खोटेहाङ गाउँपालिकामा आव २०७५/०७६ मा रु तीन करोड १८ लाख १९ हजार ३५४ बेरुजु रहेको प्रतिवेदनमा जनाइएको छ।

आव २०७४/०७५ मा रु चार करोड ४४ लाख ९८ हजार ९८९ बेरुजु पाइएको दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकामा आव २०७५/०७६ मा रु एक करोड ३१ लाख २९ हजार ७०१ बेरुजु रहेको छ। आव २०७४/०७५ मा रु चार करोड ५० लाख १३ हजार ६१९ बेरुजु देखिएको हलेसी तुवाचुङ नगरपालिकामा आव २०७५/०७६ मा रु दश करोड २५ लाख दुई हजार ८९९ बेरुजु भटिएको छ।

अघिल्लो वर्षमा रु एक करोड १६ लाख ९५ हजार १९५ बेरुजु कायम देखिएको रावाबेँसी गाउँपालिकामा आव २०७५/०७६ मा रु एक करोड ९५ लाख ९५ हजार ९०९ बेरुजु देखिएको छ। आव २०७४/०७५ मा रु दुई करोड ४० लाख छ हजार १६२ बेरुजु पाइएको बराहपोखरी गाउँपालिकामा आव २०७५/०७६ मा रु एक करोड ११ लाख ८१ हजार ४७८ बेरुजु रहेको देखाइएको छ।

यस्तै, आव २०७४/०७५ मा रु दुई करोड ८७ लाख ५२ हजार ५०१ बेरुजु भेटिएको साकेला गाउँपालिकामा आव ०७५/०७६ मा रु एक करोड २० लाख ७८ हजार ३०१ बेरुजु रहेको प्रतिवेदनले जनाएको छ। दिप्रुङ चुइचुम्मा गाउँपालिकाको लेखा परीक्षण छुटेको छ।

# ठेकेदार फरार हुँदा नगरपालिकाको भवन निर्माण अलपत्र

**सर्लाही/रासस–** सर्लाहीको लालबन्दी नगरपालिकाको भवन निर्माण कार्य करीब चार वर्षदेखि अलपत्र अवस्थामा रहेको छ। निर्माण कार्यको ठेक्का लिएको ठेकेदारले २०७३ वैशाखमा काम छोडेर हिँडेपछि नगरपालिकाको भवन निर्माण कार्य अलपत्र परेको हो।

लालबन्दी नगरपालिका–८ मा कूल दुई करोड १२ लाखमा लोकवीर बेताली, पाँच कुमारी जेभी काठमाडौंले लालबन्दी नगरपालिकाको दुईतले भवन निर्माणका लागि काम गर्ने सहमतिमा ठेक्का पारेको थियो। विसं २०७२ असार ७ गते भएको सम्झौताअनुसार २०७५ असार मसान्तभित्रमा निर्माण कार्य सम्पन्न गर्ने सहमति भएकामा सो मिति गुज्रिएको करीब डेढ वर्ष पुग्न लाग्दा पनि भवन निर्माण कार्य अलपत्र भएको नगरपालिका–८ का वडाध्यक्ष राजनकुमार श्रेष्ठले नियन्त्रणमा लिएको बताए।

भवन निर्माणको काम छोडेर बेपत्ता भएको ठेकेदार कम्पनीले पटकपटक गरी कूल रु ९७ लाख रकम लागिसकेको छ। ठेकेदार कम्पनीले २०७२ असोज १७ मा रु ४२ लाख पेश्की लिएको थियो। त्यसपछि २०७२ पुस २७ मा रु ४३ लाख २८ हजार ८३५ र २०७२ फागुन ३० मा रु ११ लाख ७१ हजार १६५ बुझेको नगरपालिकाले जनाएको छ।

अलपत्र रहेको भवन निर्माणको काम शुरु गर्न पटकपटक पत्र काटे पनि ठेकेदार कम्पनी सम्पर्कमा नआएको लालबन्दी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत वासुदेव तिमल्सेनाले बताए। ठेकेदारले जमानत राखेको भनेको रु ४२ लाख बैंकको रेकर्डमा नभेटिएको भनेर बैंकबाट नगरपालिकामा पत्र आएको उनले बताए। उनका अनुसार काम शुरु गर्न र जमानतको रकम बैंकमा जम्मा गर्न आफूहरुले पटक-पटक पत्राचार गरे पनि ठेकेदार कम्पनी सम्पर्कमा आएको छैन।

नक्कली कागजात पेश गरी रकम लिएर फरार रहेको भन्दै नगरपालिकाले ठेकेदार कम्पनीविरुद्ध जिल्ला अदालत सर्लाही र अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पनि मुद्दा दायर गरेको छ। ठेकेदार कम्पनीलाई कार्वाहीका लागि २०७२ फागुन ३० गते प्रहरीमा समेत उजुरी परेको नगरपालिकाले जनाएको छ। अख्तियारले मुद्दाको टुंगो नलागेसम्म अधुरो रहेको भवन निर्माणको काम अगाडि नबढाउन निर्देशन दिएको वडा नं ८ का वडाध्यक्ष राजनकुमार श्रेष्ठले बताए।

ठेकेदारले काम गरेकोभन्दा २५ प्रतिशत बढी भुक्तानी लगेकोसमेत मूल्यांकन गरिएको वडाध्यक्ष श्रेष्ठले बताए। नगरपालिका/नगर कार्यपालिकाको बैठकले अधुरो अवस्थामा रहेको भवन नजीकै अर्को नयाँ भवन बनाउने निर्णय गरेको छ। पहिलो भवन निर्माण हुँदा पनि नगरपालिकालाई भवन नपुग्ने भन्दै अर्को भवन निर्माणका लागि ठेक्कासमेत लागिसकेको नगरपालिकाले जनाएको छ।

# ऐतिहासिक गलकोट दरबारको सौन्दर्य नासिँदै

**बागलुङ/रासस–** कुनै दिन गलकोट दरबार बिरुप भए अचम्म नमान्दा हुन्छ। इतिहासको साक्षी दरबारको सौन्दर्य विस्तारै नासिँदैछ। चौबिसे राज्यका पालाको शक्तिशाली दरबार अहिले आफ्नै अस्तित्व संकटबाट गुज्रेको छ। उबेलाको सेतो दरबार धुमलिएर उजाड छ। प्रवेशद्वारबाटै दरबारको दुर्दशा शुरु हुन्छ।

पर्खाल, पोखरी, बगैँचा, धन्सार, शीतलपाटी, मन्दिर हुँदै दरबार छिर्दा अवस्था झनै छर्लंग हुन्छ। संरक्षणविहीनताको अवस्थामा पुगेको दरबारले मानिसलाई गिज्याएझैँ भान मिल्छ। दरबार नियतिको अँध्यारोमा मिल्किएको छ। प्रवेशद्वार भताभुंग छ। पर्खाल र सिँढीका ढुंगाले ठाउँ छाडेका छन्। पोखरी पनि सौन्दर्यहीन छ। बगैँचामा फूल छैनन्। दरबारका झ्याल, ढोका र बुईंगल मक्किएका छन्। कोठा र भित्ताको रंग हराएको छ। छानो जीर्ण छ। गलकोट नगरपालिका–५ हरिचौरस्थित दरबार सुनसान छ। करिब पाँच रोपनी जग्गामा फैलिएको कुनै बेलाको हराभरा दरबार क्षेत्र अहिले यसै उराठ छ। विसं २०१७ सम्म दरबार अस्तित्वमा थियो।

तत्कालीन राजा थिए। त्यहीबाट गलकोटको राजकाज चल्थ्यो। त्यो बेलासम्म गलकोट राज्यको प्रशासनिक, न्यायिक र आर्थिक अधिकार दरबारमा केन्द्रित थियो। पहिलो जननिर्वाचित सरकारले राजा, रजौटा उन्मूलन गर्ने निर्णय गर्‍यो। त्यसका लागि मन्त्रिपरिषद्मा प्रस्ताव लाने गलकोटकै राजा भरतबम मल्ल थिए। उनी २०१५ को निर्वाचनमा भाग लिएर निर्वाचितसमेत भएका थिए। गलकोट राज्य नरहे पनि तत्कालीन राजपरिवार दरबारमै बस्थे। दरबारको रेखदेख, संरक्षण गर्थे। समय बित्दै गयो। व्यवस्था फेरिँदै गए। दरबार पनि पुरानो भयो। विसं २०३९ मा राजा भरतबमको निधन भयो। दरबार संरक्षणको जिम्मा नाति माधवबममा सर्‍यो। परिवारसहित दरबारमा बस्दै आउनुभएका उनको सशत्र द्वन्द्वमा तत्कालीन विद्रोही पक्षबाट हत्या भयो। माधवबम त्यतिबेला शिक्षण पेशामा आबद्ध थिए।

विसं २०५९ वैशाखमा भएको उक्त घटनासँगै मल्ल परिवार त्यहाँबाट विस्थापित बनेर काठमाडौं सर्‍यो। दरबारमा बस्ने, रेखदेख गर्ने कोही भएनन्। दरबारका दुर्दिन शुरु भए। 'द्वन्द्वको मारमा परेपछि दरबारको नियमित रेखदेख, संरक्षण हुन सकेन', माधवबमका छोरा मञ्जेशबमले भने, 'दरबारमा नराम्रो घटना भयो, दरबारका ऐतिहासिक दस्तावेज, सामग्री सबै लुटिए।' दरबार अहिले मञ्जेशबमकी आमा सरोजा मल्लको नाममा छ। बेलाबेलामा गलकोट आउँदा सरोजा र उनको परिवार दरबारमै बस्छन्। 'हाम्रो स्वामित्वमा रहे पनि दरबार संरक्षण गर्न खोजेका छौँ, विविध कारणले ढिला भइरहेको छ', मञ्जेशबमले भने, 'डिपिआर बनाएर संरक्षणको काम थाल्ने योजना छ।'

पुरातात्विक हिसाबले जीर्णोद्धारसहित दरबारको उचित संरक्षण गरिने उनको जानकारी दिए। विसं १९८९ मा बनेको दुई तले दरबार ढुंगा, इँटा र काठ प्रयोग गरेर बनाइएको छ। दरबारको वरिपरि प्रयाप्त खुला ठाउँ छ। राज्य चलाउँदा बसेका चौकी, अड्डा र मालका भवनसमेत अझै छन्। दरबारको पछाडि नारायण मन्दिरसहित शीतलपाटी र ठूलो बगैँचा छ। मन्दिरमा नियमित पूजाआजा हुन्छ। दरबारअघिको मौलोमा मल्लहरुले कूलको पूजा गर्छन्। वर्षेनी दशैंको नवमीमा विशेष पूजाआजा हुने गरेको वडाध्यक्ष नारायणध्वज मल्लले बताए। उनले दरबारको संरक्षणका लागि वडाले उचित पहल गर्न नसकेको स्वीकार गरे। 'यो वर्ष केही गर्न सकिएन, अर्को वर्ष वडाले सम्बोधन गर्छ', उनले भने।

गलकोट दरबारलाई सार्वजनिक गर्नुपर्ने आवाज पनि नउठ्ने गरेको होइन। सरकारले संरक्षणको सुनिश्चितता नगरेसम्म स्वामित्व हस्तान्तरण गर्ने पक्षमा मल्ल परिवार छैन। गलकोट नगरपालिकाका प्रमुख भरत शर्मा गैरेले दरबार व्यक्तिगत सम्पत्तिका रुपमा रहेका कारण लगानी गर्न असजिलो परेको बताए। 'दरबार हाम्रो ऐतिहासिक धरोहर हो, यसको संरक्षण हुनुपर्छ', उनले भने, 'मल्ल परिवारले पनि सामान्य मर्मतसम्भार शुरु गरेको छ, निजी क्षेत्रमा गर्न सकिने सहयोगको कानूनी आधार र उदाहरण हेरेर दरबार संरक्षणमा नगरपालिका जोडिन्छ।'

उचित संरक्षण गर्नसकेमा दरबार पर्यटकीय केन्द्र बन्नेमा कुनै शंका छैन। जीर्ण अवस्थामा पनि दरबार पर्यटकको रोजाइमा छ। पर्यटकीय याम र सार्वजनिक बिदाका दिनमा दरबार घुम्ने धेरै हुन्छन्। ऐतिहासिक महत्व बोकेको भएका कारण विद्यार्थी, अनुसन्धानकर्ताका लागि गलकोट दरबार उपयुक्त गन्तव्य मानिन्छ। गलकोट तत्कालीन पर्वत राज्यअन्तर्गतको शक्तिशाली राज्य मानिन्थ्यो। हरिचौरमा दरबार बन्नुअघि मल्ल राजाहरुले हरिचौरकै सर्दाखेत, वडा नं ३ हटियाको राजघरा र कोतघरबाट स्वतन्त्र गलकोट राज्य चलाएका थिए। राजा भरतबम विसं १९९० मा सर्दाखेतबाट हरिचौरको दरबारमा सरेको इतिहासमा उल्लेख छ। गलकोट राज्यका पहिलो राजा जितारी मल्लले विसं १६३१ मा हटियास्थित कोतघरबाट पहिलोपटक शासन शुरु गरेका थिए। त्यसयता मल्ल राजाहरुले सोही कोतघरबाट २१३ वर्षसम्म राज्य चलाएका थिए।

विसं १८४४ मा गलकोट राज्य गोरखा राज्यमा एकीकरण भएपछि गलकोटमा रजौटाको शासन शुरु भयो। नेपालको एकीकरणपश्चात् मल्ल राजा हटिया बजार नजिकको राजघरा हुँदै वडा नं ५ हरिचौरको सर्दाखेत सरेका थिए। विसं १९६८ को अन्त्यतिर राजा नारायणबम मल्लको निधन भएपछि भरतबम मल्ल गलकोट राज्यका अन्तिम राजा भएका थिए।

## सय...

व्यवस्था अनुसार एक पटक शेयर दाखेल खारेज भएको म्यानपावर कम्पनीले शेयर बेच्न वा नयाँ पार्टनर हाल्न कम्तिमा दुई वर्ष कुर्नुपर्ने छ। ऐन र नियमावलीमा एकाघरको एउटा मात्र म्यानपावर कम्पनी सञ्चालन गर्न पाइने व्यवस्था गरिएको छ। त्यस विषयमा कतिपय व्यवसायीहरुले चर्को असन्तुष्टी राख्दै आएका छन्।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका महासचिव सुजित श्रेष्ठलेसरकारले २ देखि ६ करोडसम्म बैंक ग्यारेन्टी र धरौटी राखेर पनि थप नियन्त्रणमुखी व्यवस्था गर्नु न्यायोचित नभएको बताए।

नियमावलीमा म्यानपावर कम्पनी दर्ता गर्दा राखिएको धरौटी रकममध्ये विभागले ९० प्रतिशत रकम वाणिज्य बैंकमा मुद्दती खाता खोली राख्ने, त्यसबाट प्राप्त व्याजको ७५ प्रतिशत रकम वैदेशिक रोजगार कल्याणकारी कोषमा जम्मा गर्ने र बाँकी २५ प्रतिशत व्याज वैदेशिक रोजगार व्यवसाय कोषको नाममा खाता खोली म्यानपावर कम्पनीको व्यवसायीक क्षमता अभिवृद्धि वा कल्याणकारी कार्य वा वैदेशिक रोजगार सम्बन्धी अध्ययन अनुसन्धानका लागि खर्च गर्ने व्यवस्था नियमावलीले गरेको छ। तर, त्यस सम्बन्धी कार्यविधि हालसम्म बन्न नसक्दा ऋण गरेर लाखौं रकम सरकारी बैंकमा धरौटी राखेका व्यवसायीहरुले लाभ लिन सकेका छैनन्।

संघका तत्कालीन नेतृत्वले धरौटी रकमको व्याज व्यवसायीहरुको बैंक खातामा जम्मा गर्ने व्यवस्था नियमावलीमाा गर्न माग गरेको थियो। व्यवसायीलाई मर्का पार्ने गरी नियमावली जारी गरेको भन्दै त्यसविरुद्ध कानूनी उपचार खोज्ने विषयमा व्यवसायीहरुबीच छलफल समेत भएको थियो। तर व्यवसायीहरु अदालत जाने आँट नगर्दा पाउने सहुलियतबाट समेत बञ्चित हुनु परेको कतिपयको भनाइ छ।

**मोटरसाइकल हराएको सूचना**

मिति २०७६/०९/२४ गते रातको अन्दाजी १०:०० बजेको समयमा महालक्ष्मी-३, वाजेपोखरी, ललितपुरमा पार्किङ गरी राखेको स्थानबाट प्रदेश नं. ३-०२-०१० प ९४०७ नम्बरको कालो कलरको २२० सि.सि. पल्सर मोटरसाईकल हराएकोले फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा मेरो निम्न ठेगानामा सम्पर्क गरी बुझाई दिनु भएमा उचित पुरस्कार दिनेछु।

सवारी धनी : कल्पना खालिङ
च्यासिस नं: MD2ABEY6K0985564
इन्जीन नं : DKYCKD69513
सम्पर्क : ९८१५९५६७४३

**मोटरसाइकल हराएको सूचना**

मिति २०७६/०९/२५ गते अन्दाजी १४:०० बजेको समयमा गोकर्णेश्वर आफ्नै घरमा पार्किङ गरी राखेको स्थानबाट लु ५८ प ८३८१ नम्बरको कालो/रातो कलरको २२० सि.सि. पल्सर मोटरसाईकल हराएकोले फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा मेरो निम्न ठेगानामा सम्पर्क गरी बुझाई दिनु भएमा उचित पुरस्कार दिनेछु।

सवारी धनी : पासाङ नाम्गेल घिसिङ
ठेगाना : सूर्यविनायक-२ भक्तपुर
च्यासिस नं: MD2A13EY3KCH94415
इन्जीन नं : DKYCH154430
सम्पर्क : ९८४१५७३८६६, ९८४३६४८६७७

**साउदीमा रोजगार** | कम्पनी : BANDAR ALI MOHAMED ALSHAAB EST
शहर: JEDDAH

पूर्व स्वीकृत मिति: २०७६/०९/२९ चलानी नं.: ६०१५०११२ L.T. No.: 231087

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Military Tailor | 2 | 0 | स. काममा दक्ष | 2000 | ६०,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा माघ ८ गते (22 Jan. 2020) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीड शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी : १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**आर. के. मेनपावर ग्रुप प्रा. लि.**
रातोपुल, गौशला, काठमाडौं, नेपाल, फोन: ४४७९७३०, फ्याक्स: ४४६०८६२

**साउदीमा रोजगार** | १. कम्पनी : AWADH AYEDH BALHARITH CONTRACTING EST
शहर: SAUDI

पूर्व स्वीकृत मिति: २०७६/०९/२९ चलानी नं.: ६०१५००३३ L.T. No.: 230865

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Mason | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३६,१७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Steel Fixer | 1 | 0 | | 1200 | ३६,१७० | | | | | | | |

२. कम्पनी : ALRAFIE GEN. CONCTRACTING शहर: SAUDI

पूर्व स्वीकृत मिति: २०७६/०९/२९ चलानी नं.: ६०१५००३५ L.T. No.: 230919

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Tile Fixer | 2 | 0 | स. काममा दक्ष | 1400 | ४२,२०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा माघ ८ गते (22 Jan. 2020) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीड शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | रु. १०,०००/– कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी : १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**अल रायन इन्टरप्राइजेज प्रा. लि.**
श्रम इजाजत नं. ४१६/०६०/०६१
पो.ब.नं. ७५१, अनामनगर, काठमाडौं, नेपाल, फोन: ४७७१०१३, ४७७१४७४, ४७७१०१३
मो: ९८५१०६०१८५, फ्याक्स: ४७७१३०४, ४४१२१७१, Email: alryan@ntc.net.np

# आज माघे संक्रान्ति मनाइँदै



**काठमाडौं/मस–** आज माघे संक्रान्ति, देशभरका नदी, दोभान तथा त्रिवेणीमा स्नान र देवमन्दिरमा पूजापाठ गर्नुका साथै घिउ-चाकु, तिलको लड्डू र तरुल खाई यो पर्व मनाइँदैछ। आजदेखि सूर्य धनु राशिबाट मकर राशिमा प्रवेश गरी उत्तरायण हुने हुनाले यस पर्वलाई 'मकर संक्रान्ति' पनि भन्ने गरिन्छ।

'मकर सक्रान्ति' देखि दिन लामो हुने र रात छोटो हुँदै जान्छ। लड्डु तथा घिउ-चाकु सक्रान्ति पनि भनिने यस पर्वलाई नेवारी भाषामा 'घ्यो-चाकु सँल्हु' पनि भनिन्छ। यस पर्वमा प्रसिद्ध देवघाट, बराहक्षेत्र, रिडी, पनौती, दोलालघाट, कन्काई, भारतका प्रयाग र गंगासागर लगायतका नदी तथा त्रिवेणीमा मकर स्नान, दान, श्राद्ध लगायतका कार्य गर्नेहरूको ठूलो भीड लाग्छ।

भविष्य पुराण, विष्णु वचन तथा धर्मसिन्धु नामक ग्रन्थमा यो दिन स्नान गरी घिउ, चाकु, तिलको लड्डु, सागपात, तरुल, बस्त्र, पानीको भाँडो र मकल सहितको सिदा दान गरेमा विशेष फल प्राप्त हुने र उक्त पदार्थ आफूले खाएमा शरीर पोषिलो हुनुका साथै निरोगी हुने जनविश्वास छ।

आयुर्वेद र आधुनिक चिकित्साशास्त्रमा पनि यो दिन खाइने परम्परागत खाद्य पदार्थले हाम्रो शरीरलाई आवश्यक पर्ने प्रोटिन, कार्बोहाइड्रेट र क्याल्सियम लगायत पौष्टिक तत्व प्राप्त हुने र तिनले सम्भावित रोगसँग लड्ने क्षमता प्रदान गर्ने उल्लेख गरिएको छ।

शिशिर ऋतुमा पर्ने यो संक्रान्तिमा शरीर शुद्ध गरी घिउ, चाकु, तिल र खिचडी खानाले शरीरमा गर्मीको मात्रा बढी तागत दिने तथा मास हाली पकाइएको तेल शरीरमा घस्दा चिसोबाट मुक्त भई शरीरका छालासम्बन्धी र अन्य रोग नाश हुने विश्वास गरिन्छ। माघे संक्रान्तिको दिन भक्तपुरको टौमढी टोलमा तिलमाधव नारायणको मन्दिरमा मेला लाग्ने र दीपंकर बुद्धको पूजा गर्ने गरिन्छ।

माघे संक्रान्तिको अवसरमा चितवन, नवलपरासी र तनहुँको संगमस्थल देवघाट धाममा ठूलो मेला लाग्ने गर्छ। देवघाटधाममा मेला भर्न देशका विभिन्न जिल्लासँगै छिमेकी देश भारतबाट समेत तिर्थालुहरु आउने गर्छन्।

आजदेखि पाँच दिनसम्म थारु समुदायले माघी पर्व मनाउने गर्छन्। बिहानै जलाशयमा गई स्नान तथा पूजा गरी आफूभन्दा ठूलाबडासँग आशिर्वाद लिने चलन छ। तिलले स्नान गर्नु, तिलको तेल घस्नु, पितृलाई तिलयुक्त जल दिनु, तिल हवन गर्नु, तिल दान गर्नु र तिल खानु गरी ६ प्रकारको तिलको प्रयोग गर्नाले जीवनमा सफल होइने थारु समुदायमा विश्वास छ।

आजै खिचडी पकाएर खाने चलन पनि छ। मासको दाल र चामल मिसाएर पकाइने खिचडी, तिलको लड्डु चाकु, तरुलजस्ता खानेकुरा खानाले शरीरमा तापक्रम बढ्ने र जाडो हट्ने मान्यता रहेको छ।

## राष्ट्रपति र प्रधानमन्त्रीको शुभकामना

**काठमाडौं/मस–** राष्ट्रपति विद्यादेवी भण्डारीले विभिन्न समुदायले मनाउने माघेसंक्रान्ति जस्तो विशेष चाडले सबै नेपालीमा हर्षोल्लास र शान्तिको सन्देश फैलाई राष्ट्रिय एकता थप सुदृढ पार्न मद्दत पुगोस् भन्ने कामना गरेकी छन्। मकर संक्रान्तिका अवसरमा स्वदेश तथा विदेशमा रहेका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइमा सुख, शान्ति र समृद्धिका लागि शुभकामना व्यक्त गर्दै राष्ट्रपति भण्डारीले विशिष्ट मौलिक सांस्कृतिक सम्पदाका रुपमा रहेका यस्ता पर्वले हाम्रो मुलुकलाई विश्वसामु परिचित गराउन महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको उल्लेख गरेकी छन्।

माघीपर्वका अवसरमा उनले दिएको सन्देशमा भनिएको छ, 'हाम्रा पर्वले सांस्कृतिक र जातीय विविधतालाई आपसमा जोडेर साझा नेपाली पहिचान कायम गर्न उल्लेख्य योगदान पुऱ्याएको मैले विश्वास लिएको छु।'

त्यस्तैप्रधानमन्त्री केपी शर्मा ओलीले पनि माघे संक्रान्तिका अवसरमा शुभकामना व्यक्त गरेका छन्। एक शुभकामना सन्देश जारी गर्दै प्रधानमन्त्री ओलीले भनेका छन्, 'थारु समुदायको प्रमूख चाड माघी तथा नेपालका सबैजसो भू-भागमा मनाईने माघे संक्रान्तिका अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका दिदीबहिनी तथा दाजुभाइमा हार्दिक शुभकामना ब्यक्त गर्दछु। सूर्य दक्षिणी गोलार्धबाट उत्तरी गोलार्धमा प्रवेश गर्ने समयमा हरेक वर्षको माघ एक गते देशका विभिन्न भागमा विभिन्न तरिकाले मनाइने यस पर्वका अवसरमा सुस्वास्थ्य सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिको मंगलमयशुभकामना व्यक्त गर्दछु।'

प्रधान्मन्त्री ओलीले नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक विविधताका बीच सुदृढ एकताको विशेषतायुक्त देश रहेको बताएका छन्। उनले सुदृढ एकता र सहिष्णुताको पूँजीलाई देश निर्माणमा सदुपयोग गर्नुपर्ने बताएका छन्।

# 'जनकपुर–जयनगर रेल २ महिनाभित्र'



**काठमाडौं/मस–** भौतिक पूर्वाधार तथा यातायात व्यवस्थामन्त्री बसन्तकुमार नेम्वाङले जनकपुर-जयनगर रेल २ महिनाभित्रमा सञ्चालनमा आउने बताएका छन्। मंगलबार राष्ट्रियसभाको दिगो विकास समिति बैठकमा मन्त्री नेम्वाङले सो कुरा बताएका हुन्। ट्र्याक र लिग निर्माणको काम सम्पन्न भइसकेको र भारत सरकारबाट रेल खगरिका लागि अर्डर समेत भइसकेको उनले जानकारी दिए।

जी टु जी माध्यमबाट रेल खरिद गरिने उनले बताए। २ महिनाभित्रमा जयनगर जनकपुर ३५ किलोमिटरको रेल सञ्चालनम आउने र त्यसपछि बर्दिबाससम्म विस्तार हुनेमा ढुक्क रहन उनले आग्रह गरे। 'यति दिन भनेर मिति तोक्न सक्दिन तर चाँडै नेपालमा रेल सञ्चालन भएको देखिन्छ। रेलको बाटो निर्माण भएको देखिन्छ। रेल एने आइसकेको छ', उनले भने।

सरकारले संघ अन्तर्गत पर्ने बाटोहरुको पूनर्निर्माणका कामहरु गरिरहेको उनले बताए। खाल्डा पुर्ने, कालोपत्रे गर्ने कामहरु संघीय सरकारले गरिरहेको उनले बताए। संघ अन्तर्गत रहेको १२ हजार किलोमिटर सडकको मर्मतको काम भइरहेका र करिब ४७ किलोमिटर सडक स्थानीय र प्रदेश सरकारले हेर्ने उनले बताए।

समिति बैठकमा यातायात व्यवस्था विभागका महानिर्देशक इञ्जिनियर गोगनबहादुर हमालले स्थानीय तहभित्र रहेको यातायात व्यवस्थापन गर्ने दायित्व स्थानीय सरकार, प्रदेशभित्रको व्यवस्थापन गर्ने दायित्व प्रदेश सरकारको भएको बताए। दुई प्रदेश जोडिएको हकमा, समग्र यातायात व्यवस्थापन सम्बन्धि मापदण्ड नीति बनाउने काम संघीय सरकारले गर्ने गरी जिम्मेवारी तोकिएको उनले बताए। दुर्घटना न्यूनिकरणका लागि ट्राफिक प्रहरी, गृहमन्त्रालयसँग पनि छलफल भई योजनाहरु बनाउने काम सुरु गरिएको उनले जानकारी दिए।

समितिमा सांसद दिनानाथ शर्माले स्थानीय तहका जनप्रतिनिधिहरुले जथाभावि डोजर किनेर जथाभावि सडक निर्माण गरि गाडी गुडाउने गरेको अवस्था रहेको र त्यसलाई न्यूनिकरण गर्नुपर्ने बताए। जनताको आवश्यकता अनुसार भन्दा जनप्रतिनिधिहरुले बिना अध्ययन आफ्नो घरसम्म जाने बाटो निर्माण गरिरहेको तर्फ सरकारले ध्यान दिनुपर्ने उनको आग्रह छ। स्थानीय स्तरमा निर्माण हुने सडकको मापदण्ड मन्त्रालयले तोक्नुपर्ने उनले बताए।

सांसद विमला राई पौडेलले चालकहरुसँग चालक अनुमतिपत्र छ छैन भन्ने कुरा यात्रुले थाहा नपाउने भएकाले यात्रुले देख्ने गरी कार्ड राख्ने व्यवस्था गर्नुपर्ने बताइन्। चालकको नाम ठेगना र लाइसेन्स नम्बर यात्रुले देख्ने गरेर राख्ने व्यवस्था भए यात्रु ठगिन बाट बच्ने उनको भनाइ थियो।

समितिमा मंगलबार यातायात व्यवस्थित गर्न दिइएको निर्देशन सडक जोखिम व्यवस्थापन, सडक दुर्घटना र धनजनको क्षति न्यूनीकरण गर्ने आवश्यक कार्ययोजना बनाएर लागू गर्ने गराउने सम्बन्धी दिइएको निर्देशनको पालना भए नभएको विषयमा मन्त्री र यातायात व्यवस्था विभागका महानिर्देशकसँग छलफल भएको थियो।

# बागमतीका पीडितलाई मुआब्जाका लागि निर्देशन



काठमाडौं/मस- प्रतिनिधिसभा अन्तर्गतको कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिलले बागमती कोरिडोर अन्तर्गत पर्ने जग्गा पीडितको छानविन गरी मुआब्जा वितरण गर्न सरकारलाई निर्देशन दिएको छ। मंगलबार सिंहदरबारमा बसेको समितिको बैठकपछि पत्रकारहरुसँग कुरा गर्दै समितिका सभापति पूर्णकुमारी सुवेदीले वास्तविक पीडित जसको हातमा लालपुर्जा छ र सरकारलाई तिरो तिर्दै आएको छ उसलाई क्षतिपूर्ति तथा मुआब्जा दिन सहरी विकास मन्त्रालयलाई निर्देशन दिएको बताए।

उनले समितिले लामो समय अध्ययन गरेपछि प्रतिवेदन तयार पारेको र सोही प्रतिवेदनका आधारमा वास्तविक पीडितको पहिचान गरी मुआब्जा तथा क्षतिपूर्ति दिन निर्देशन दिएको बताएका हुन्। उनले भने, 'समितिको धारणा के छ भने जो पीडित छ, त्यसले न्याय पाउनुपऱ्यो, जो पीडित छैन र दावी मात्रै गरेको छ भने पनि छानविन हुनु पऱ्यो र मन्त्रालयले एउटा प्रक्रियाबाट छानविन गरेर पीडितलाई न्याय दिनु पऱ्यो। जुन वास्तविक पीडितको जग्गा बागमतीमा छ र उसको हातमा लालपुर्जा छ, उसले तिरो तिरेको छ भने उसलाई एउटा प्रक्रियाबाट क्षतिपूर्ति मुआब्जा दिनुपर्छ भन्ने निष्कर्षमा समिति पुगेको र शहरी विकास मन्त्रालयलाई हामीले त्यही खालको निर्देशन दिएका छौं।'

समितिले बैठकमा शहरी विकास राज्य मन्त्री रामविर मानन्धर र अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिका अध्यक्ष नरेन्द्रराज बस्नेतलाई बोलाई जग्गा सम्बन्धी विवाद समाधान गर्न छलफल गरेको थियो।

बैठकमा शहरी विकास राज्य मन्त्री रामविर मानन्धरले बागमती करिडोरमा १८८ रोपनी ५ आना ३ दामको जग्गामा विवाद रहेको जानकारी दिए। उनले २०५६ सालमा भएको यस क्षेत्रको नयाँ नापीपछि उक्त जग्गा खोलाको बाहिरि भागमा रहेको देखिने बताउँदै सोही जग्गाको मुआब्जा आफुहरुले नपाएको भन्दै स्थानीयको गुनासो रहेको बताए। उनले मुआब्जाको लागि कसरी वितरण गर्ने भन्ने निर्देशन दिएमा काम गर्न सजिलो हुने समेत बताए। उनले समितिको प्रतिवेदन राम्रो आएको र सोही अनुसार निर्देशन दिएमा समस्या समाधान हुने बताए। बैठकमा अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिका अध्यक्ष बस्नेतले जग्गा विवादमा देखिएका समस्याहरुका विषयमा समितिलाई जानकारी गराएका थिए।

# निर्माण व्यवसायीको साधरणसभा हुँदै

**काठमाडौं/मस–** नेपाल निर्माण व्यवसायी महासंघको २१औं वार्षिक साधारण सभा माघ ३ र ४ गते हुने भएको छ। महासंघले मंगलबार काठमाडौंमा पत्रकार स्म्मेलन गर्दै भक्तपुरको सल्लाघारी मैदानमा हुने साधारण सभामा देशभरका १५ सय भन्दा बढी व्यवसायीहरुको सहभागिता रहने जनाएको हो।



साधारण सभासँगै भक्तपुर सल्लाघारी मैदानमा महासंघ, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, निर्माण व्यवसाय विकास परिषद् र इन्नो रेग इण्डियाको संयुक्त आयोजनामा माघ ३ गतेदेखि ५ गतेसम्म नेपाल बिल्डटेक एक्स्पो २०२० पनि आयोजना हुने महासंघका अध्यक्ष रवि सिंहले जानकारी दिए।

महासंघले पहिलो पटक आयोजना गर्न लागेको अन्तर्राष्ट्रिय स्तरको एक्स्पो निर्माण क्षेत्रमा रुची राख्ने व्यवसायीहरुलाई विश्व बजारमा आएका नयाँ नयाँ निर्माण यन्त्र उपकरणबारे अवगत बनाउन उपयुक्त मञ्च बन्ने विश्वास लिइएको उनले बताए। ३ दिनसम्म चल्ने यस एक्स्पोमा ५ हजार जनाले अवलोकन गर्ने अनुमान गरिएको अध्यक्ष सिंहले बताए।

निर्माण उपकरण, इन्टेरियर डिजाइनका सामाग्री, फर्निचर सहित समग्र निर्माण उद्योग र प्रविधिसँग सम्बन्धित १ सय ६० भन्दा बढी प्रदर्शनी कक्षहरु ७० हजार स्क्वायर फिट क्षेत्रफलमा एक्स्पो सञ्चालन गरिने महासंघले जनाएको छ।

# ज्यान र हतियार खरखजाना मुद्दामा पक्राउ

**सिरहा/मस–** कर्तव्य ज्यान र हातहतियार खरखजाना मुद्दामा अदालतबाट १३ वर्षको कैद सजाय पाएर फरार एकसहित तीन जनालाई सिरहा प्रहरीले पक्राउ गरेको छ। कर्तव्य ज्यान मुद्दामा १० वर्ष र हातहतियार खरखजाना मुद्दामा तीन वर्ष कैद तथा रु एक लाख जरिवाना सजाय पाएका सिरहा, कल्याणपुर नगरपालिका ८ निवासी ३५ वर्षीय मोहम्मदहसिद राइन साहजीलाई सोमबार साँझ प्रहरीले करीब चार वर्षपछि पक्राउ गरेको हो।

जिल्ला अदालत सिरहाले कर्तव्य ज्यान मुद्दामा गत २०७१ असोज २ गते साहजीलाई १० वर्ष कैद र हातहतियार खरखजना मुद्दामा विसं २०७२ चैत ८ गते तीन वर्ष कैद तथा रु एक लाख जरिवानाको फैसला गरेको थियो। अदालतको फैसला लगत्तै फरार भएका साहजीलाई इलाका प्रहरी कार्यालय मिर्चैयाबाट खटिएको प्रहरी टोलीले पक्राउ गरेको जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक उमाप्रसाद चतुर्वेदीले जानकारी दिए।

यस्तै प्रतिबन्धित लागुऔषध गाँजासहित इलाका प्रहरी कार्यालय मिर्चैयाले मिर्चैया नगरपालिका २ निवासी ५५ वर्षीय राशलाल मण्डललाई पक्राउ गरेको छ। अभियुक्त मण्डलका साथबाट १६० ग्राम लागुऔषध गाँजा बरामद भएको प्रहरीले जनाएको छ। त्यस्तै नेपालबाट भारततर्फ अवैध रुपमा तस्करी गरिरहेको भैंसीसहित प्रहरीले सिरहा-२० दशगज्जास्थित लगडीगदियानीबाट एक भारतीयलाई पक्राउ गरेको छ। यसैगरी प्रहरी चौकी लकडीगदियानीबाट खटिएको गस्ती टोलीले भारततर्फ लैजाँदै गरेको चार भैंसीसहित भारतको खजुरी पञ्चायत ४ निवासी ४० वर्षीय अबुल कलामलाई पक्राउ गरेको छ।

# जवरजस्ती करणीका आरोपीलाई जन्मकैद

**अर्घाखाची/मस–** दुई वर्षीय बालिकालाई जवरजस्ती करणी गर्ने एक जनालाई जिल्ला अदालत अर्घाखाँचीले जन्मकैद सजायको फैसला सुनाएको छ।

गएको असार ३१ गते शितगंगा नगरपालिका १२ पथ्थरकोटमा स्थानीय दुई वर्षीय बालिकालाई जवरजस्ती करणी गर्ने त्यही ठाउँका नागा भन्ने टेकबहादुर पुनलाई जन्मकैद सजायको फैसला भएको जिल्ला अदालत अर्घाखाँचीका श्रेस्तेदार गम्भीर घिमिरेले बताए।

२ वर्षीय बालिकालाई घरमै लगेर जवरजस्ती करणी गरेपछि उनलाई प्रहरीले पक्राउ गरी मुद्दा दायर गरेको थियो। मुलुकी अपराध संहिता २०७४ को दफा २१९ को उपदफा ३ (क) अनुसार जन्मकैदको सजाय हुने गरी फैसला भएको श्रेस्तेदार घिमिरेले जानकारी दिए।


तालिमको सुवर्ण अवसर

Star Level को होटेल तालिम भर्नु गराउनु परेमा HILTON ACADEMY लाई सम्पर्कहुहोस BHM गरि star hotel को अनुभवी Professional Chef द्वारा तालिम दिइने।

हाम्रो सेवाहरु: ❖Cook ❖Food & Beverage Service ❖Housekeeping ❖Coffee Maker ❖Bartender ❖Cashier ❖Front Office ❖Room Attendant ❖Bell Boy ❖Domestic Helper ❖Cleaner ❖Baby Siter ❖Care Giver ❖Montessori

तालिम को साथ Japanese, Korean, English, French, Hibru भाषा पढाईन्छ। मेनपावर कम्पनीहरुलाई विशेष छुटको व्यवस्था छ।

HILTON ACADEMY PVT. LTD.
(Hotel Management & Culinary Arts)
Basundhara Chowk (Near Ishan Bali Hospital)
Kathmandu, Tel:01-4351313, 4355747 h/p 9823643528
email: hiltonhma@gmail.com



होटल तालिम !

मेनपावरहरुले हस्पिटालिटीको अन्तर्वार्ता र ट्रेड टेस्टको लागि पनि सम्पर्क गर्न सक्नुहुनेछ।

Get your skill for your future carrier



✓ HK
Cleaners/House Keeping/ Laundry man, Room boy

✓ KITCHEN
Kitchen Helper/ Kitchen Stewards
Indian, Chinese, Continental, Arabic, Japanese, Thai Cook

✓ F&B
Waiter/Waitress, Hostess/Service Crew/ Cashier/Barista.

✓ FRONT DESK, RECEPTION

रोजगारी पनि भविष्य पनि
- स्वदेशमै होस कि विदेशमा
- स्वरोजगार वा वैदेशिक रोजगार
- तपाईं सीप सिक्नुहोस्
- अवसर र उपाय हामी खोजी दिन्छौं।

NICHOLAS HOSPITALITY SERVICES (P).LTD
Hotel Management Institute

Tokha-10, Gongabu, Kathmandu ☎ 01-4387681, 9851019169
info@nicholaspitality.com, nicholas.hospitality2019@gmail.com



राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई टिकट छिटो, छरितो सेवाको लागि हामीलाई सम्झनुहोस्।

कस्मो नेपाल ट्राभल एण्ड टुर्स प्रा. लि.
Cosmo Nepal Travel And Tours (P.) Ltd.



G.P.O. Box No.: 6012, Gairidhara-2, Naxal, Kathmandu, Nepal, Tel.: 977-1-4432368, 4439190, Mob.: Shyam KC 9851108449
Nabin Kafle 9801091701, 9841917001, Sachin Pandey 9801017077, 9851017077, Email: cosmonepal2012@yahoo.com, Website: www.cosmonepal.com

## सम्पादकीय

# भ्रष्टाचारको विकेन्द्रीकरण !

अख्तियार दुरूपयोग अनुसन्धान आयोगले सोमबार राष्ट्रपति विद्यादेवी भण्डारीलाई बुझाएको प्रतिवेदनले स्थानीय तहमा भ्रष्टाचार बढेको देखाएको छ । प्रतिवेदनअनुसार, आयोगमा २६ दशमलव ८७ प्रतिशत उजुरी स्थानीय सरकारसँग जोडिएको छ । यसपछि साविकभैंm शिक्षा, स्वास्थ्य, भौतिक पूर्वाधार जस्ता विभागीय विषयका भ्रष्टाचार छन् । प्रदेशगत रूपमा भने दुई नम्बर प्रदेशमा बढी भ्रष्टाचारका मुद्दा दर्ता भएको छ । अख्तियारकै प्रतिवेदनलाई आधार मानेर स्थानीय सरकारलाई हेर्ने दृष्टिकोण समेत तय भएको छ ।

आँगनसम्म सिंहदरबार पुऱ्याउने परिकल्पना सहित गठन भएको स्थानीय सरकारमा भ्रष्टाचार बढी देखिनु संघीयताकै लागि पनि शुभ संकेत होइन । किनभने, नेपालको संविधान २०७२ ले बलियो स्थानीय सरकारको कल्पना गरेको छ । त्यसैअनुसारको अधिकार प्रत्यायोजन गरिएको छ । संविधानको अनुसुचीमै स्थानीय सरकारलाई बलियो हुनेगरी अधिकार दिइएको छ । ती अधिकार प्रयोग गर्दै आम नागरिकमा संघीयताको अनुभूति दिलाउनुपर्ने दायित्व स्थानीय सरकारसँग छ । तर, सुशासनको प्रत्याभूति दिलाउनुपर्ने सरकारमै बढी भ्रष्टाचारको मुद्दा देखिनुले बहुआयामिक प्रश्न खडा गरेको छ ।

यो विषयलाई सकारात्मक दृष्टिबाट हेर्ने हो भने स्थानीय सरकारले बढी सुशासनको खोजी गरेको छ पनि भन्न सकिन्छ । किनभने, सुशासनको खोजी नगरी भ्रष्टाचारको विषय उठ्दैन । अध्याँरोमा उज्यालोको खोजी भएभैंm सुशासनको खोजीले भ्रष्टाचारको विषय सतहमा ल्याउँछ । तसर्थ, संघ र प्रदेशमा भन्दा बढी स्थानीय सरकारमा सुशासनको एजेण्डा बढेको निष्कर्ष निकाल्न सकिन्छ । साना तर, जनताको प्रत्यक्ष सहभागिता रहने हुँदा थोरै तलमाथि हुनासाथ उजुरी परेको हुन सक्छ । तर, जेसुकै कारण भए पनि अख्तियारमा परेको उजुरी संख्या र प्रतिशतले भने राम्रो सन्देश गएको छैन । संघीयतामा भ्रष्टाचार बढ्छ भन्ने निष्कर्ष निकाल्नेहरूलाई मद्दत गर्छ, विद्रोहको जगमा उभिएको उपलब्धीलाई रक्षा गर्न सक्दैन । त्यसैले स्थानीय सरकारमा ब्यापक सुधारको जरूरी छ । यसको थालनी भने माथिबाट हुनुपर्छ । संसदीय अभ्यासमा दलका शीर्ष तहको सिको कार्यकर्ता पंक्तिले गर्ने भएकाले सुशासनको खोजी पनि माथिबाटै थालनि गर्नुपर्ने हुन्छ । दलहरू सुशासनको सवालमा प्रष्ट भए भने संविधानको कल्पनाअनुसार, समाज अगाडि बढ्छ । तर, संघमा सुशासन गौण विषय बन्यो भने प्रदेश र स्थानीय सरकारमा पनि यसको प्रभाव पर्छ । जसले, संघीय अभ्यासलाई कमजोर बनाउँछ । अन्ततः संविधान खतरामा पर्ने संभावना बढी हुन्छ ।

## सामाजिक सञ्जाल



इराकलाई देखाउँदै केही तोर्पेहरू नेपालमा अमेरिकी सेना आउछ एकसीसी परियोजना स्विकार गर्दा भन्दै भ्रम छर्दैछन् । अनि भेडेहरू कुरै नबुझि तिनको पछि कुद्दैछन् । यहा यस्तै छ केही सधैं जनतालाई ढुङ्गे युगमै राखि आफू राज गर्न भ्रम छर्छन भेडे जति कुरै नबुझि तिनकै पछि कुदछन् यसै नेपाल गरिब भएको हो र ?

- दिपेन्द्र विष्ट



प्रत्येक दिन दुखद समाचारले हाम्रो दैनिकी सुरू हुन्छ । ईन्जिनियरिङ पढदै गरेका युवा ओम प्रकाश महतोले अवैध तस्करीको विरोध गर्दा रडले शरिरलाई छिया छिया बनाई सडकमा सुताई टिपरले किचेर हत्या गरिएको छ । मानव सभ्यताका निम्ति यो भन्दा निकृष्ट, मानवताविरोधी र कलंकित कृत्य के हुनसक्दछ ?

– डा चन्द्र भण्डारी



राजधानीको आकर्षक ठाउँमा पाँच तारे होटल बनाउन पुग्ने पर्याप्त जमिन छ । होटल बनाउने सोच बन्यो । तर होटलको योजना, नक्सा, डिजाइन, र निर्माणको जिम्मा ओभरसियर र मिस्त्रीलाई । सोचेको पाँच तारे, बन्दैछ बसपार्कको जस्तो होटल ।

- सूर्यराज आचार्य



काँधमा हालेको सल जस्तै हो सम्बन्ध पनि, जसलाई बेला बेला मिलाइरहन पर्छ ।

- गीता चिमोरिया

### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेल: article .madhyanhadaily@gmail .com

# सत्ताको उल्टो गियर चलाएर प्रधानमन्त्रीको यात्रा



■ रमेश खड्का

> फ्रान्समा लुई चौधौंको भनाई उल्लेख गर्न बढी सान्दर्भिक हुन्छ जस्तो लाग्छ । लुई चौधौंले भनेका थिए, 'म नै राज्य हुँ, राज्य नै म हुँ' यो भनाई अहिलेका हाम्रा प्रधानमन्त्रीको क्रियाकलापसँग मिल्दो जुल्दो छ ।

अहंकार, दम्भ, लोभले भरिपूर्ण केपी शर्मा ओली नेतृत्वको कोष्ठ भित्रको डबल नेकपाको शक्तिशाली सरकारले उल्टो गियर चलाएर मुलुकको शासन सत्ता हाँकिएको छ । सरकाले समृद्ध नेपाल सुखी नेपालीको नारा चलाएको छ । यद्यपी मुलुकमा शान्ति र समृद्धिको सानो झिल्को समेत देखिएको छैन । समृद्धि त धेरै टाढाको कुरा हो बहुसख्यक जनताहरु गास, बास, कपास, स्वास्थ्य, शिक्षा जस्ता आधारभूत आवश्यकताबाट बञ्चित छन् । निम्न वर्गका गरिब, असहाय, उत्पीडनमा परेका वर्गमात्र होइन मध्यम वर्गीय जनताहरु पनि कष्टप्रद जनजीवन भोग्न बाध्य छन् । कम्युनिष्ट पार्टीले पार्टी, समाज र राज्यमा कस्तो आर्थिक दृष्टिकोण राख्छ र कसरी जीवन पद्धतिमा प्रयोग गर्छ भन्ने विषय निकै महत्वपूर्ण हुन्छ । कम्युनिष्टहरुका गुरु, लेनिनले भन्नु भएको थियो, 'क्षमताअनुसारको काम र काम अनुसारको दाम' र त्यस्तै माओले 'क्रान्तिलाई पकड र उत्पादन बढाउ ।' के नेकपाको सरकार यो दिशामा अघि बढेको छ ? कि समृद्धिको झुट्टा आस्वसन दिएर देशलाई उल्टो गियर चलाएर जनतलाई गोयवल्स शैलीमा ढाटीरहेको छ ? प्रश्नहरु गम्भीर छन् । यी प्रश्नहरुको उत्तर खोज्ने बेला आएको छ ।

मुलुकको लोकतान्त्रिक यात्राको 'टर्निङ प्वाइन्ट' २००७ सालबाट सुरु भइ २०४६ साल हुँदै २०६२/०६३ सम्म र अहिले २०७६ सालसम्म आइपुग्दा पनि जनताले लोकतन्त्रको अनुभूति पाउन सकेका छैनन । प्रजातन्त्रको पुर्नबहालीको लागि वर्तमान सरकार प्रमुख केपी शर्मा ओली १४ वर्ष जेल बस्ने । जनताको मौलिक अधिकार, प्रेस स्वतन्त्रता तथा सामाजिक न्यायका लागि उनले अनेक आवाज उठाएका थिए । तर आज प्रधानमन्त्रीको रुपमा रहेका केपी शर्मा ओली कम्युनिष्टको खोल ओढेर आफ्नो सत्ता टिकाउन निहित स्वार्थबाट प्रेरित भएर नागरिकको अभिव्यक्ति स्वतन्त्रतामा अङ्कुश लगाउन एकपछि अर्को गर्दै निरङ्कुश र तानाशाही शासनको अभ्यास गरिरहेका छन् । यस्तो लाग्छ वर्तमान केपी ओली सरकार निरङ्कुश पञ्चायतीकाल रात्री व्यवस्था र शाही कालीन सङ्कटकालका दिनहरुको स्मरण गराइरहेको छ ।

लोकतन्त्रको सुन्दर पक्ष प्रेस स्वतन्त्रता हो । आफूलाई लोकतन्त्रवादी कम्युनिष्ट नेताको रुपमा रहेका वर्तमान सरकार प्रमुख केपीशर्मा ओलीले प्रेसमाथि अङ्कुश लगाउने गरी प्रतिनिधि सभाको विकास तथा प्रविधि समितिले सूचना प्रविधि विधेयक पारित गरेको छ । यो विधेयक गम्भीर विवादको घेरामा तानिएको छ । अभिव्यक्ति स्वतन्त्रताको अधिकार जोखिममा परेको भन्दै उक्त विधेयक खारेज गर्नु पर्ने माग सर्वत्र उठेको छ । मानवअधिकारवादी तथा कानूनविदहरुले उक्त सूचना प्रविधि विधेयक तत्काल खारेज नगरिए यसले भविष्यमा डरलाग्दो समस्या सृजना गर्न सक्ने चिन्ता व्यक्त गरेका छन् । कुनै बेला पूर्व राजा ज्ञानेन्द्रले रेडियोमा समाचार बन्द गरेका थिए, फोन काटेका थिए । त्यति मात्र होइन पत्रपत्रिकामा, टेलिभिजनमा सेन्सरसीप समेत लगाएका थिए । विज्ञानको नियम छ बललाई जति दवाव दिएर भुइँमा बजारिन्छ त्यती नै बल माथि उठ्छ । त्यस्तै जनताका अधिकारलाई दमन गरिन्छ त्यति नै अझ आगो बढ्दै जान्छ । हिजो दमन गर्ने शासक सदाका लागि विदा भएझै केपी शर्मा ओलीको पनि यस्तै हर्कत बढाउँदै गए भने सदाका लागि विदा नहोला नभन्न सकिन्न ।

मुलुक अहिले भ्रष्टाचारबाट आक्रान्त छ । भ्रष्टाचारका एकपछि अर्को शृखलालाई नेपाली प्रेसले सार्वजनिक गर्दै आएको छ । त्यसको खण्डन गर्ने र पारदर्शी ढंगले अघि बढ्ने साहस र नैतिकता सरकारले देखाउन सकेको छैन । वर्तमान सरकार संवैधानिक अंग र प्रेसमाथि मात्र होइन, विश्वविद्यालयमाथि पनि नियन्त्रण गर्न चाहन्छ । मुलुकमा विश्वविद्यालयमाथि पहिलेदेखि कुनै न कुनै रुपमा राजनीतिक हस्तक्षेप हुँदै आएको सर्वविदितै छ । तर वर्तमान नामधारी कम्युनिष्ट सरकार पहिलाभन्दा पनि खुला रुपमा हाम्रा विश्वविद्यालयमा राजनीतिक नियन्त्रण कायम गर्ने प्रयासमा लागेको छ । सायद विश्वको कुनैपनि मुलुकका विश्वविद्यालयमा कार्यकारी प्रधानमन्त्री कुलपति हुने परम्परा छैन होला । तर, हामीकहाँ प्रधानमन्त्री कुलपति, प्रधानमन्त्रीका कामदार कार्यकर्ता उपकुलपति, रेक्टर या रजिष्टार हुने परम्परा छ । शिक्षा जस्तो पवित्र संस्थामा त सरकार उल्टो गियर चलाएर अघि बढेको छ भने अरु क्षेत्रमा सरकाले सुल्टो गियर (अगाडि गियर) चलाउला भन्ने विश्वास गर्न सकिन्न ।

यो आलेखमा फ्रान्समा लुई चौधौंको भनाई उल्लेख गर्न बढी सान्दर्भिक हुन्छ जस्तो लाग्छ । लुई चौधौंले भनेका थिए, 'म नै राज्य हुँ, राज्य नै म हुँ' यो भनाई अहिलेका हाम्रा प्रधानमन्त्रीको क्रियाकलापसँग मिल्दो जुल्दो छ । लोकतान्त्रिक संस्कारले अमुक व्यक्तिलाई सर्वोपरी अथवा सर्वगुण सम्पन्न मान्दैन । देश र समाजले भोगिरिहेका समस्याहरुको ओखतिको रुपमा खोज्नु पर्छ भन्ने मान्यताको पक्षमा यसले पैरवी गर्छ । संविधानमा 'समाजवादी प्रतिवद्ध राज्यको लक्ष्य राखिए पनि यहाँ सामाजिक न्यायको खडेरी छ ।

आजभन्दा तीन दशकअगाडि विश्वमा नेपालभन्दा धेरै गरिब राष्ट्रहरु थिए । त्यतिखेर हाम्रो मुलुकको मुद्राको क्रय शक्ति राम्रो थियो । तर आज ती राष्ट्रहरु कहाँबाट कहाँ पुगिसके तर हाम्रो मुलुक संसारकै कंगाल राष्ट्रका रुपमा दर्ज हुन पुगेको छ । आज मुलुक मानव सामान्त वर्गको उदय भएको छ । मुलुकमा दलाल तथा विचौलिया वर्गको ठूलो चलखेल छ । ठूला ठेक्कापट्टा, घोटाला, भ्रष्टाचारी, तस्करी र सरकार तथा न्यायलयका विवादास्पद निर्णयमा कहीं म कहीं विचौलियमा जोडिन्छन् । अझ खुलेर भन्नु पर्दा राज्य नै विचौलियाको यात्रामा योजनाबद्ध ढंगले अघि बढेको छ । वरिष्ठ लेखनाथ पाण्डेका शब्दलाई सापटी लिँदै भन्नु पर्दा जनसरोकारप्रति सरकारको ध्यान गएको देखिन्न । तरकारीको भाउ आकासिएको छ, विषाक्त खाद्यले सालिन्दा हजारौं मानिसको ज्यान जान्छ, युवामा हृदयघात र क्यान्सरको महामारी झै फैलिएको छ । स्वच्छ वातावरण सम्बन्धि विश्वव्यापी अभियान 'ब्रेथलाइफ' काअनुसार दुषित हावाका कारण मुलुकमा बर्सेनी झण्डै ३८ हजार मानिसको ज्यान जाने गर्छ । यो सख्या १० वर्षे माओवादी खद्वन्द्वमाख मारिनेको तुलनामा दुई गुणा बढी हो ।

सरकार दुई तिहाइको दम्भमा अधिनायकवादी ढंगले अघि बढेको हो । राष्ट्रवादको खोल ओढी जनतालाई भ्रम पारिएको छ । देशभर रेल कुदाउने, जलमार्गको विकास गरी पानी जहाज कुदाउने, धेरै ठाउँमा ८ लाइन र ६ लाइनको सडक ब्स्तिार गर्ने, दुई अंकको आर्थिक वृद्धिदर हासिल गर्ने, पाँच वर्ष भित्र राजेगारीका लागि विदेशिनु पर्ने अवस्था अन्त्य गर्ने त्यति मात्र होइन नेपाली अहिलेको तुलनामा दोब्बर धनी हुने भनी घोषणा गरिएको छ । यी सबै हावादारी सपनाहरु हुन् । बजेट कार्यान्वयनमा पनि सरकार असफल भएको छ । बजेट कार्यान्वयन भएको ५ महिना बितिसक्दा पनि १० प्रतिशत पनि खर्च हुन सकेको छैन । विकास खर्च गर्नमा सबै मन्त्रालय असफल भएका छन् । अरु मन्त्रालयको त के कुरा गरौं ३५ प्रतिशत विकास बजेट पाएको भौतिक मन्त्रालयको पुँजीगत विकास खर्च दुई प्रतिशत मात्रै छ । मूलत विकास निर्माणसँग सम्बन्धीत मन्त्रालयको खर्च निराशाजनक हुँदा सरकारको प्रतिबद्धता कागजमै सिमित भएको छ ।

अहिले मुलुकमा इतिहासकै बलियो कम्युनिष्ट सरकार छ । तर, कम्युनिष्ट पार्टीमा हुनु पर्ने आर्थिक प्रणालीको कुनै पनि झिल्का देखिएको छैन । कम्युनिष्ट आर्थिक प्रणालीको कुरा छोडौं पुँजीवादी अर्थ व्यवस्थामा हुनु पर्ने सामान्य सिद्धान्त प्रयोग गरिएको छैन । नेपाली कांग्रेसले लिएको आर्थिक नीतिलाई कार्यान्वयन गरेको भएपनि धेरै काम हुन्थ्यो । सरकारको अर्थ नीति समाजवादउन्मुख छैन । दलाल पुँजीवाद चरित्रको छ । हामीसँग भएका युवालाई रोगजारको नाममा विदेश पलयान गराउने र उनीहरुले पठाएको रेमिट्यान्सबाट देश चलाउने गलत परिपार्टीको विकास भएको छ । यो दलाल पुँजीवादको चरित्र हो । युवा निर्यात गरेर समाजवाद उन्मुख अर्थतन्त्र भन्नु यो ज्यादै लज्जाको विषय हो ।

सरकारले एकातिर सुशासनको बाँसुरी निरन्तर बजाइरहेको छ भने अर्कोतिर भ्रष्टाचारका ठूला ठूला काण्डहरु मच्चाइरहेको छ । सबैभन्दा पछिल्लो काण्ड सेक्युरिटी प्रेसलाई लिन सकिन्छ । ११ अर्बमा पाइने सेक्युरिट प्रेस सरकाले २३ अर्बे रुपैयाँमा किन्न लागेको छ । प्रधानमन्त्रीको ग्रीनसिग्नलमा मात्र मन्त्रीहरुले यस्तो कार्य गर्न सक्छन् । विवादास्पद यती समूहलाई फाइदा पुऱ्याउन राष्ट्रिय ढुकुटीबाट दोब्बर लगानी गर्न सरकार तयार भएको हो । इतिहासकै सबैभन्दा ठूलो वाइडबडी काण्ड रविन्द्र अधिकारीको रहस्यमय निधनपछि त्यो विषय अहिले सेलाएको छ । प्रधानमन्त्रीको सुशासनको नारा हात्तिको देखाउने दाँत जस्तो भएको छ ।

# विकासको बाधक नेपाली चरित्र

**आफ्नो आङको भैंसी नदेख्ने तर अर्काको आङको जुम्रा पनि देख्ने प्रवृत्ति पनि विकासको बाधक हो । विकृति र विसंगतिको त हामी चर्कै विरोध गर्छौं, तर हामी आफैंले भने के गऱ्यौं भन्नेमा हामी कमै ध्यान दिन्छौं ।**



भीम प्रसादपन्त

नेपालका आर्थिक परिसूचकहरू मन्द गतिमा अघि बढेको छ । विकास नभएको होन, धेरै नै भएको छ तर जुन गतिमा हुनुपर्ने हो त्यसका आधारमा भने हामी पछाडि नै छौं । स्रोत र सम्भावनाको आकलन गर्दा हाम्रो प्रतिव्यक्ति आय निकै माथि हुनुपर्ने हो, पूर्वाधार निर्माण र अन्य भौतिक निर्माणमा समेत हामी निकै अघि पुग्नुपर्ने हो । राजनीतिक परिवर्तनमा हामीले निकै छलाङ माऱ्यौं, एउटै व्यक्तिको जीवनमा धेरै राजनीतिक परिवर्तन आत्मसात् गर्न पाउनु निश्चय नै गौरवको विषय पनिहो । नेपालमा आर्थिक विकास हुन नसक्नुमा राजनीतिक नेतृत्वलाई बढी दोष दिइने गरिन्छ । सरसर्ती हेर्दा यो ठीकै जस्तो पनि लाग्छ, तर गम्भीर विश्लेषण गरेर हेर्ने हो भने राजनीतिमात्र यसको कारण होइन । हो, राजनीतिले अन्य नीतिलाई डोऱ्याउनुपर्छ, समाजभित्र धमिलो छ भने सङ्लो बनाउने काम पनि राजनीति कै हो । नेपालको सन्दर्भमा राजनेताको अभाव खट्किएको हामी सबैले महसुस गरेकै छौं, तर पनि हामी नेपालीहरूको केही चारित्रिक कमजोरी पनि विकासमा बाधक छ । अरूतिर औंलो ठड्याउनुभन्दा पहिला हाम्रो चारित्रिक दुर्बलता पनि विश्लेषण गर्दा उपयुक्त होला ।

भनाइ र गराइको अन्तर हाम्रो विकासमा सबैभन्दा ठूलो बाधक हो । आर्थिक विकासमात्र होइन, व्यक्ति र समाजको हरेक उन्नतिमा इमानदार प्रयास अपेक्षित हुन्छ । काम सानो वा ठूलो भन्ने हुँदैन, निरन्तर काम गर्दै जाँदा त्यसले कालान्तरमा राम्रै परिणाम दिन्छ । काम गर्दै जाँदा अनुभव खारिँदै जान्छ, गल्ती सुधारिन्छ र त्यसबाट कामको मात्रा र गुणस्तरमा सुधार आउँछ । तर, हामी धेरैजसो नेपालीको बानी अर्काले गरेको काममा खोट देखाउने खालको छ । यो भएन, त्यो मिलेन, यसो गर्नुपर्थ्यो भन्ने टीका टिप्पणीमा हामी बढी रमाउँछौं । अरूको काममा टिप्पणी गर्नु निकै सजिलो हुन्छ, खास गरी नकारात्मक टिप्पणी । यस्तो प्रवृत्तिले हामीलाई कहीँ पनि लाँदैन । आफूलाई क्षणिक ज्ञाता सिद्ध गर्नेभन्दा अरू केही काम हुँदैन यस्तो प्रवृत्तिको ।

हामी नेपाली शक्तिका पुजारी हौं । राणातन्त्र राजतन्त्र वा गणतन्त्र जुनसुकै शासन पद्धतिको स्थिति बसाले पनि हामीले पद्धति र प्रक्रियालाई बलियो बनाउने काम भन्दा त्यही शासन पद्धतिभित्र आफूलाई कसरी बलियो बनाउने भन्नेमा लागिहाल्छौं । जुनदलले शासन कब्जा जमाउँछ त्यसैमा लाग्ने प्रवृत्ति कर्मचारी, व्यवसायी र आममानिसको समेत रहिआएको छ । त्यसैले संक्रमणका बेला फरक-फरक दल सत्तामा गइरहने हुनाले धेरै खालका साझेदारी व्यवसायमा सबै दलका निकट व्यक्तिहरू मिलेर काम गर्ने परिपाटी नै स्थापित भएको छ । सहकारी, वित्तीय संस्था, कलेज, मेडिकल कलेज वा अन्य व्यवसायमा यस्तो राजनीतिक झुन्ड मिलेर कामगर्ने परिपाटी छ, जसले गर्दा जुनसुकै दलको सरकार बने पनि आफू अनुकूल निर्णय गराउन अथवा दबाब दिन सहज हुन्छ । यस्तो समूह नै सरकारको आलोचक बन्ने गरेको छ । विकास नहुनुमा अरूलाई दोष थोपर्न यस्तै समूह बढी सक्रिय देखिन्छ । लेख्न-बोल्न सक्ने र बौद्धिक जमात भएपनि यिनीहरू दोष अरूलाई थोपर्ने र प्रणाली वा पद्धतिलाई आफू अनुकूल बनाई कमाउने धन्दामा समर्पित छन् । सरकारी अस्पताल, शैक्षिक संस्था र सार्वजनिक सेवा प्रवाह गर्ने सरकारी संयन्त्रलाई विकम्मा/निकम्मा बनाउने यो गिरोह वास्तवमा विकासको सबैभन्दा ठूलो बाधक हो । तर, राजनीति, कर्मचारीतन्त्र र नियामक निकायमा समेत यो समूहकै दबदबा रहँदा त्यसले राज्यलाई सही ढंगले काम गर्न दिएको छैन ।

शक्ति पुजारीको अर्को चरित्र व्यक्ति पूजा हो । गणेश शैलीको यो चरित्रले मानिसलाई शक्तिको वरिपरि रम्ने र त्यसबाट फाइदालिन सक्ने तुल्याउँछ । हालै प्रदेशसभा र प्रतिनिधिसभाको निर्वाचन सम्पन्न भयो । यसमा विजय हासिल गर्ने व्यक्ति खास गरी मुख्यमन्त्री, संघीय मन्त्री वा प्रधानमन्त्रीका सम्भावित दावेदारहरूको घरमा बधाई दिनेको भीड लाग्यो । यो भीड यही व्यक्ति पूजाको चरित्र हो । यसले नेतालाई अभिमानी र कर्तव्य च्युत हुन पक्कै प्रेरित गर्छ । धेरै सिद्धान्तनिष्ठ नेताहरू पनि यही कारण कार्यकर्ता/मतदाता रिझाउने यस्तै प्रकृतिको चरित्र देखाउँछन् । यसले पद्धति र प्रणालीमा भाइरसको काम गर्छ र अन्ततः यसैको परिणति विकासका कार्यक्रमको गतिलाई सुस्त बनाएको छ ।

आफ्नो आङको भैंसी नदेख्ने तर अर्काको आङको जुम्रा पनि देख्ने प्रवृत्ति पनि विकासको बाधक हो । विकृति र विसंगतिको त हामी चर्कै विरोध गर्छौं, तर हामी आफैंले भने के गऱ्यौं भन्नेमा हामी कमै ध्यान दिन्छौं । अरूको आलोचना गर्दा त्यस ठाउँमा भएको भए आफूले के गर्थें हुँला भन्नेमा हामी वास्तै गर्दैनौं । हचुवा र मनगढन्ते कुरामा हामी रमाउँछौं । हेर्दा यो सामान्य चरित्र हो तर यसले नेतृत्व माथि सही ढंगले दबाबदिन सक्दैन । कर्मचारीतन्त्रले यही प्रवृत्तिका कारण आफूलाई जोगाउन पाएको छ । सही र वस्तुपरक प्रतिक्रिया दिने हो भने त्यसले उनीहरूलाई केही मात्रामा जिम्मेवार हुन सिकाउँछ । पारदर्शिता र सुशासन अहिले सबैभन्दा बढी महत्वपूर्ण मानिन्छ । वास्तविकता बुझ्न भन्दा लहैलहैमा प्रतिक्रिया दिने हाम्रो चरित्रले पारदर्शिता र सुशासनलाई कमजोर बनाउन सहयोगी बनेको छ । नेपालमा सरकार र निजी क्षेत्र दुवै इमानदार र जिम्मेवार छैनन् । त्यसैले मानिसहरूले सरकारी कम्पनीलाई विश्वास गर्छन् तर ती कम्पनी नै घाटामा छन्, तिनका उत्पादन राम्रो मानिएपनि बजारमा तिनले खासै प्रभाव जमाउन सकेका छैनन् । त्यस्तै निजी क्षेत्र पनि इमानदार छैन । राजनीतिमा प्रवेश गरेर नीति निर्माणमा प्रभाव पार्न निजी क्षेत्र उद्यत छ । जतिसुकै कर्मचारीतन्त्र माथि दोष थोपरे पनि कानुनी छिद्र खोजेर अनावश्यक लाभ लिन खोज्नु निजी क्षेत्रको विशेषता नै बनेको छ । असल व्यावसायिक अभ्यासको कुरा जति नै गरे पनि नेपालको निजी क्षेत्रले व्यवहारमा असल व्यावसायिक अभ्यास गर्न चाहेको छैन । निजी क्षेत्र नाफाका दृष्टिले परिचालित हुन्छ, यसलाई अन्यथा लिन मिल्दैन । तर, नाफाका लागि जे पनि गर्नुपर्छ भन्नेमा सोच धेरै व्यवसायीमा छ । यसले दिगो विकास र विकास-प्रक्रियालाई ओझेलमा पारेको छ ।

नेपालको विकास नहुनुमा भ्रष्टाचार प्रमुख कारक तत्वहो । तर, यसलाई गम्भीर रूपमा हेर्ने हो भने भ्रष्टाचारले सामाजिक मान्यता प्राप्त गरेको छ । बाहिर जतिसुकै भ्रष्टाचारको विरोध गरे पनि भ्रष्टाचारबाट सम्पत्ति कमाउने, शक्ति आर्जन गर्नेको सामाजिक सम्मान छ । हरेकव यक्तिमा भ्रष्टाचार गर्ने लालसा लुकेको छ । मौका र सामर्थ्य प्राप्त गर्ने हो भने ९९ प्रतिशत मानिसमा भ्रष्टाचारबाट नै माथि उक्लने सोच व्याप्त छ । परिश्रम र पसिनाको मूल्यलाई हेप्ने मानसिकता भ्रष्टाचारको जड हो । त्यसैले एक संस्थाले अर्को संस्थालाई, एक व्यक्तिले अर्को व्यक्तिलाई भ्रष्टाचारी भन्ने प्रवृत्ति रहे पनि आफू त्यसैको जालोमा जेलिएका छन् । सामाजिक सदाचार र इमानदारीको महिमालाई समाजको हिस्सा बनाएसम्म भ्रष्टाचार कम हुँदैन । भ्रष्टाचारको आरोप लाग्ने डरले काम नगर्नु पनि भ्रष्टाचार हो । काम नगर्दा जति नोक्सानी भएको छ त्यसको क्षतिपूर्ति दिलाउने कानुनी व्यवस्थाले यसलाई कम गर्न सक्छ ।

# सचिव नहुँदा सेवाग्राही मर्कामा

**जनक श्रेष्ठ/रासस**
लमजुङ, २९ पुस



स्थानीय तहमा वडा सचिव नहुँदा सेवाग्राही मर्कामा पर्ने गरेका छन् । समायोजनमा कर्मचारीले संघ र प्रदेश रोजेपछि स्थानीय तहमा वडा सचिवको अभाव हुँदा सेवाग्राही मर्कामा परेका हुन् । लमजुङका आठ स्थानीय तहका ७५ वडामध्ये २४ वडामा सचिव छैनन् । वडा कार्यालयमा सचिव अभाव भएपछि कतिपय वडामा कार्यालय सहयोगी र सामाजिक परिचालकलाई वडा सचिवको जिम्मेवारी दिइएको छ ।

सिंहदरबारको अधिकार गाउँ-गाउँमा आएको भनिए पनि वडासचिवको अभावमा सहज रुपमा सार्वजनिक सेवा पाउन नसकेको गुनासो स्थानीयवासीको छ । स्थानीय सरकार आएको तीन वर्ष हुँदासमेत जिल्लाको विभिन्न स्थानीय तहमा वडासचिव नहुँदा विकास निर्माणका काम पनि प्रभावित हुने गरेको बताइएको छ । कर्मचारी अभावका कारण एउटै सचिवले तीन वटासम्म वडाको जिम्मेवारी सम्हाल्नुपर्ने बाध्यता छ ।

'एकजना सचिवले धेरै वडा हेर्नुपर्ने भएपछि गाउँपालिकाको विकास निर्माणदेखि सार्वजनिक सेवा प्रवाहमा जटिलता थपिएको छ,' जिल्ला समन्वय समितिका संयोजक लोकराज पाण्डेले भने, 'सिहंदरबारको अधिकार गाउँमा आयो भन्ने नारा त भयो, तर वास्तविकतामा त्यस्तो छैन ।'

कर्मचारीले ग्रामीण क्षेत्रमा जान नमान्ने तर सुगम क्षेत्रका स्थानीय तहमा जान हानथाप गर्ने प्रवृतिका कारण वडासचिवको अभाव देखिएको उनको भनाइ छ । वडासचिव नहुँदा एउटै कामका लागि ५/६ दिन कुर्नुपर्दा धेरै समस्या हुने गरे क्व्होलासोथर गाउँपालिका-८ घाम्राङका स्थानीयवासी गमबहादुर गुरुङको दुःखेसो छ । सोही वडाका वडाअध्यक्ष राजु गुरुङले भने, 'हाम्रो वडाको सचिवले तीन वडा हेर्दैआएको छ, यस वडामा हप्ताको एक दिन मात्रै आउँछ, सचिवको काम आफैले गर्ने गरेपनि व्यक्तिगत घटना लिएर आएका बेला सचिव नहुँदा सेवाग्राहीलाई धेरै समस्या भइरहेको छ ।'

नौवटा वडा रहेको दोर्दी गाउँपालिकाका चार वटा वडामा सचिव छैनन् । गाउँपालिका कार्यालयमा नै कार्यरत रहेका कर्मचारीलाई वडा सचिवको जिम्मेवारी दिएर सेवा प्रवाह गर्नुपर्ने बाध्यता रहेको गाउँपालिका अध्यक्ष ओमबहादुर गुरुङले बताए । उनका अनुसार कर्मचारी अभावले प्रशासनिक कामसँगै विकास निर्माणको काममा प्रभाव परेको छ । अध्यक्ष गुरुङले भने, ' कर्मचारी अभावले गाउँपालिकालाई त समस्या छ नै, सेवा लिन आउने सेवाग्राहीलाई झन बढी समस्या भइरहेको छ ।' उनका अनुसार एकजना सचिवले धेरै वडा हेर्नुपर्ने भएपछि गाउँपालिकाको कार्यालयमा बसेर नै सेवा प्रवाह गर्नु परेको छ ।

त्यस्तै ११ वटा वडा रहेको सुन्दरबजार नगरपालिकामा चार वडामा सचिव छैनन् । काम प्रभावित नहोस् भनेर वैकल्पिक व्यवस्था मिलाइएको सुन्दरबजार नगरपालिकाका प्रमुख जनकराज मिश्रले बताए । चार वटा सचिवले नै सबै वडाको कार्यसम्पादन गर्नु परेको नगरप्रमुख मिश्रले बताए । उनले भने, 'व्यक्तिगत घटना दर्ताका लागि वडामै पुग्नुपर्ने हुन्छ । जुन वडाबाट फोन आउँछ कर्मचारीहरु त्यही पुग्ने गरेका छन् ।' उनले वडामा सम्पन्न भएका योजनामा भुक्तानीका लागि वडाको सिफारिश आवश्यक पर्ने बताए ।

त्यस्तै दूधपोखरी गाउँपालिकामा-६ वडामध्ये तीन वटामा सचिव छैनन् । यहाँ केही महिनाअघिसम्म एकजना मात्रै सचिव हुँदा ६ वटै वडा हेर्नुपर्ने बाध्यता रहेपनि केही महिनाबाट दुईजना सचिव आएकाले दुई दुईवटा कार्यालय हेर्ने गरेको गाउँपालिका अध्यक्ष छुपिमाया गुरुङले भने । उनले भने, 'कर्मचारी अभावमा जसोतसो व्यवस्थापन त गरेकै छौं । तर वास्तविक रुपमा काम गर्न भने निकै अप्ठ्यारो भएको महसुस भएको छ ।'

मध्यनेपाल नगरपालिकाको १० वडामध्ये पाँच वडामा मात्रै सचिव छन् । क्व्होलासोथर गाउँपालिकाका नौ वडामध्ये एउटामा सचिव नभएको गाउँपालिकाका अध्यक्ष प्रेमबहादुर घलेले बताए । त्यस्तै राइनास नगरपालिकामा १० वडामध्ये चार वडामा सचिव छैनन् । मर्स्याङ्दी गाउँपालिकामा नौ वडामध्ये तीन वडामा अझै वडासचिव छैनन् ।

बेँसीशहर नगरपालिकामा भने ११ वडामा नै सचिव छन् । संघ र प्रदेशमा समायोजन भएर कर्मचारी गए पनि स्थानीय तहका नासु र खरिदारलाई वडा सचिवको जिम्मेवारी दिएर खटाइएको छ । अहिलेसम्म सेवा प्रवाहमा कुनै समस्या नआएको नगरपालिकाले जनाएको छ ।

# मिर्गौला पीडित गुरुङलाई ५० हजार सहयोग

**काठमाडौं/मस–** धादिङ समाज यूएईले धादिङ निलकण्ठ नगरपालिका-११ गैरीगाउँका स्थायीवासिन्दा जीतबहादुर गुरुङको उपचारका लागि ५० हजार रुपैयाँ सहयोग प्रदान गरेको छ । मंगलबार रिपोर्टर्स क्लब नेपालमा पत्रकार सम्मेलन गर्दै समाजका उपाध्यक्ष ईश्वर भट्टले मिर्गौला रोगबाट पीडित गुरुङको उपचारमा सहयोग पुर्‍याउने उद्देश्यले उक्त रकम हस्तान्तरण गरेका हुन् । समाजको तर्फबाट संकलित उक्त रकम रिपोर्टर्स क्लब नेपालका सभापति ऋषि धमला, समाजका आजिवन सदस्य तथा पूर्व महासचिव किरण धमला र ज्ञाननारायण श्रेष्ठको हातबाट संयुक्त रुपमा प्रदान गरिएको थियो । ६२ वर्षीया गुरुङको दुवै मिर्गौलामा समस्या छ । एउटा मिर्गौला पूर्ण रुपमा फेल भएको र अर्कोले पनि ७० प्रतिशतमात्रै काम गरेको छ । उनको आर्थिक अवस्था अत्यन्तै दयनीय छ ।

कार्यक्रममा सम्बोधन गर्दै सभापति धमलाले समाजले सराहनीय काम गरेको भन्दै धन्यवाद दिए । आगामी दिनमा पनि गुरुङको उपचारको लागि सबैले सहयोगी हात अघि बढाउनुपर्ने धमलाको भनाइ छ ।



उनले भने, 'म पनि उपचारमा सहयोग जुटाउने टीममा सहभागी भएँ । उहाँको उपचारको लागि जस्तोसुकै सहयोग गर्नपनि तयार छु । विदेशबाट नेपाली दाजुभाइहरुले ठूलो सहयोग गर्नुभएको छ । यो खुशीको कुरा हो ।'

त्यस्तै कार्यक्रममा समाजका पूर्व महासचिव किरण धमलाले समाजले स्थापनाकालदेखि नै समाजसेवी कामहरु गर्दै आएकोबारे प्रकाश पारेका थिए । त्यस्तै, उनले आफूहरुले देशभरि आपत, विपत र दुःख र पीडामा परेकाहरुलाई समाजले सहयोग गर्दै आएको र आगामी दिनमा यो कामलाई निरन्तरता दिने जानकारी दिए ।

# उपसभामुखले राजीनामा दिनुपर्छ : प्रवक्ता श्रेष्ठ

**लमजुङ/मस–** सत्तारूढ दल नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का प्रवक्ता नारायणकाजी श्रेष्ठले सभामुख नेकपाको पक्षमा राख्नका लागि उपसभामुखले राजीनामा दिनुपर्ने बताएका छन् । मंगलबा बेँसीशहरमा प्रेस संगठन जिल्ला कार्यसमिति लमजुङले आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा उनले सो कुरा बताएका हुन् ।

उनले भने, 'संविधानले एउटै पार्टीका सभामुख र उपसभामुख हुन नपाउने व्यवस्था गरेको छ । हाम्रो पार्टी संसद्को सबैभन्दा ठूलो पार्टी भएकाले रिक्त पदमा आफ्नो दाबी गर्नु र सभामुख पद हासिल गर्नु स्वाभाविक हो । त्यसको लागि वर्तमान उपसभामुखले राजीनामा दिएर बाटो खोलिदिनुपर्ने अवस्था छ ।'

संविधानको मर्मअनुसार उपसभामुख हाम्रो पार्टीको हुँदासम्म सभामुख हाम्रो पार्टीको हुन नसक्ने भएकाले उपसभामुखलाई राजीनामा दिन अनुरोध गरेको उनले बताए । उनले भने, 'उहाँले राजीनामा नदिँदासम्म सभामुख हाम्रो पार्टीले पाउने सम्भावनाको अन्त्य हुन्छ ।'

फरक प्रसंगमा उनले भने, 'नेपाल र भारतबीच अहिले पश्चिममा सीमा विवाद रहेको छ, त्यो लामो समयदेखिको विवाद नै हो । नेपालले आफ्नो राष्ट्रिय सार्वभौम भौगोलिक अखण्डताको पक्षमा अडान राख्दै आएको छ ।' उनले वर्तमान सरकारले पहिलोपटक लिम्पियाधुरासहित कालापानी र लिपुलेक पनि हाम्रो भूभाग हो भनेर राज्य र सरकारका तर्फबाट आधिकारिक धारणा प्रस्तुत गरेको बताए ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्
स्तर निर्धारण महाशाखा
सानोठिमी, भक्तपुरको

**श्री ललित पोलीटेक्नीक ट्रेनिङ्ग इन्स्टिच्यूट, ललितपुर महानगरपालिका –०६, ललितपुरको नामसारी, ठाउँसारी, स्वामित्व हस्तान्तरण एवं कार्यक्रम समायोजन सम्बन्धी ३५ दिने हकदावी सम्बन्धी सूचना**

तेस्रो पटक प्रकाशित मिति २०७६।१०।०१

यस परिषद्बाट सम्बन्धन प्राप्त गरी **TSLC** तहको **CMA** र **ANM** कार्यक्रम सञ्चालन गर्दै आएको संस्था ललित पोलीटेक्निक ट्रेनिङ्ग इन्स्टिच्यूट, ललितपुर महानगरपालिका–०६, ललिपुरले आफुले सञ्चालन गर्दै आएको **TSLC** तहको **CMA** र **ANM** कार्यक्रम सुभेक्षा पोलीटेक्निक कलेज प्रा. लि., नागार्जुन नगरपालिका–०४, काठमाण्डौमा नामसारी, ठाउँसारी, स्वामित्व हस्तान्तरण एवं कार्यक्रम समायोजन गराई पाउँ भनी दिएको निवेदन माथि कारवाही हुँदा यस परिषद् कार्यालयको मिति २०७६।९।२२ गतेको निर्णय अनुसार आवश्यक प्रकृया थालनी भएकोमा उक्त संस्था र कार्यक्रम प्रति कोही कसैको लेनदेन, हकदावी सम्बन्धी कुनै प्रकारको उजुरी भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा सप्रमाण सहित लिखित रुपमा परिषद् कार्यालयमा हकदावी उजुरी गर्नुहुन सम्बन्धित सरोकारवाला सवैमा यसै सूचनाद्वारा जानकारी गराईन्छ । उल्लेखित समयभित्र कसैको उजुरी नपरेमा ललित पोलीटेक्निक ट्रेनिङ्ग इन्स्टिच्यूट, ललितपुर महानगरपालिका –०६, ललितपुरको **TSLC** तहको **CMA** र **ANM** कायक्रम तथा उक्त संस्थाको धरौटी लगायतको सम्पूर्ण दायित्व समेत सुभेक्षा पोलीटेक्निक कलेज प्रा.लि., नागार्जुन नगरपालिका–०४, काठमाण्डौको नाममा नामसारी, ठाउँसारी, स्वामित्व हस्तान्तरण एवं कार्यक्रम समायोजन प्रकृया अगाडि बढ्ने व्यहोरा जानकारी गराईन्छ । साथै म्याद नाघी आएका उजुरी उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्,**
**सम्पर्क फो.नं. ०१–६६३०४०८**


## मलेशियामा रोजगार | कम्पनी : PLATINUM PHASE SDN.BHD. शहर: MALAYSIA

पूर्व स्वीकृत मिति: २०७६/०९/२७ चलानी नं.: ६०१४९९७८ LT. No.: 230973

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Production Operator | 5 | 0 | स. काममा दक्ष | 1100 | ३०,६२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौमा माघ ८ गते (22 Jan. 2020) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी : १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

## यूएईमा रोजगार | कम्पनी : SUPER AQUARIUS WORLDWIDE TECHNICAL SERVICES LLC शहर: UAE

पूर्व स्वीकृत मिति: २०७६/०९/२८ चलानी नं.: ६०१४९९८६ LT. No.: 230846

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Plumber | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३६,९५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Concrete Mason | 1 | 0 | | 1200 | ३६,९५० | | | | | | | |
| 3. | Electrician | 2 | 0 | | 1200 | ३६,९५० | | | | | | | |
| 4. | Cleaner | 3 | 0 | | 1000 | ३०,७९० | | | | | | | |
| 5. | Mechanic Assist. | 4 | 0 | | 1200 | ३६,९५० | | | | | | | |
| 6. | Carpenter | 1 | 0 | | 1200 | ३६,९५० | | | | | | | |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौमा माघ ८ गते (22 Jan. 2020) मा हुनेछ ।**

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी : १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

**स्काई ब्रिज ओभरसिज प्रा. लि.**
फोन नं.: ०१-४३८३९१३, ४३५७०३५, फ्याक्स नं.: ४३८४०३१, गोंगबु, काठमाडौं, नेपाल
मोबाईल नं.: ९८५१०८५३३९, ९८०३६६८३३३, ९८१४८३५८५७, ९८४१९९३३१२, ९८६०२५७४९७, ९८१६७९२२५८, Email: skybridgeoverseas2017@gmail.com
प्रम इजाजत नं. ११६६/०७३/०७४

## साउदीमा रोजगार | कम्पनी: MARKAZ HAJER COMMERCIAL CENTER.OWNER MOHAMMAD IBRAHIM AL GHANEM शहर: DAMMAM

पूर्व स्वीकृत मिति: २०७६/०९/२९ चलानी नं.: ६०१५००३४ L.T. No.: 230030

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Labour | 30 | 0 | स. काममा दक्ष | 1000 | ३०,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौमा माघ ८ गते (22 Jan. 2020) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी : १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**एड्भेन्चर ह्युमन रिसोर्स प्रा. लि.**
सितापाईला, काठमाडौं, नेपाल, फोन: ४२८२५९०, ४२८२०३९, फ्याक्स: ४२८१७१३

## साउदीमा रोजगार | १. कम्पनी: RAYMOND INTERNATIONAL CO.LTD (BRANCH KSA) शहर: SAUDI

पूर्व स्वीकृत मिति: २०७६/०९/२९ चलानी नं.: ६०१५००९७ LT. No.: 230987

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Labor | 50 | 0 | स. काममा दक्ष | 1000 | ३०,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: COMPANY TALEEN शहर: SAUDI

पूर्व स्वीकृत मिति: २०७६/०९/२९ चलानी नं.: ६०१५०१०९ LT. No.: 231036

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 5 | 0 | स. काममा दक्ष | 1000 | ३०,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौमा माघ ८ गते (22 Jan. 2020) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी : १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Blaze Associates Pvt. Ltd.**
Gov. Lic No. 1447/074/075
Dhumbarahi-4, Kathmandu, Tel: 4371913, 4372939, 9808906734
Email: bnnir@hotmail.com, blazenepal1447@gmail.com


Province Government
Ministry of Physical Infrastructure Development
Transport Infrastructure Directorate
**Infrastructure Development Office, Morang**

## Notice for Addendum in IFB No. : 07/076-77

**Date of Addendum Publication: 2076/10/01**
**First Date of Notice Publication: 2076/09/20**

1. The Infrastructure Development Office, Morang addendum in the following works:

| S.N. | Contract Identification Number | Description and Location of Work | Bid Validity Period | Estimated Amount (NRs.) without VAT | Bid Security Amount (NRs.) | Fee for Bid Document (NRs.) |
|---|---|---|---|---|---|---|
| 12 | IDO/MOR/SQ/W-55/076/77 | Construction of Jay Nepal Marga road Biratnagar Metropolitancity-8 | 120 days | 18,29,044.40 | 50,000.00 | 3000.00 |
| 13 | IDO/MOR/NCB/W-56/076/77 | Construction of bhagwati Marg link Road,Biratnar metropolitan city | 120 days | 34,69,052.34 | 94,000.00 | 3000.00 |
| 14 | IDO/MOR/SQ/W-57/76/77 | Construction of Nahar road Biratnagar Metropolitancity-13 | 120 days | 19,82,538.07 | 54,000.00 | 3000.00 |
| 15 | IDO/MOR/SQ/W-58/076/77 | Construction of Annapurna Marga road Biratnagar Metropolitancity-4 | 75 day | 15,86,149.19 | 43,000.00 | 1000.00 |

2. Addendum in Purchase, Submission and Opening: (For S.N.:-1-14)

| Purchase of Bid | | Submission of Bid | | Opening of Bid | | |
|---|---|---|---|---|---|---|
| Date | Time | Date | Time | Date | Time | |
| 2076/10/26 | Office hour | 2076/10/27 | 12 noon | 2076/10/27 | 1 PM | A complete set of each Bidding Documents may be purchased from the office mentioned below by eligible Bidders on the submission of a written application, along with the copy of up to date company/firm registration certificate, VAT and PAN registration certificate, tax clearance certificate of FY 2075/76. Bidders should deposit the equivalent fee for bidding document in the following Revenue Account within the date and time specified below. |

3. Addendum in Purchase, Submission and Opening (For S.N.15)

| Purchase of Bid | | Submission of Bid | | Opening of Bid | | |
|---|---|---|---|---|---|---|
| Date | Time | Date | Time | Date | Time | |
| 2076/10/12 | Office hour | 2076/10/13 | 12 noon | 2076/10/13 | 1 PM | A complete set of each Bidding Documents may be purchased from the office mentioned below by eligible Bidders on the submission of a written application, along with the copy of up to date company/firm registration certificate, VAT and PAN registration certificate, tax clearance certificate of FY 2075/76. Bidders should deposit the equivalent fee for bidding document in the following Revenue Account within the date and time specified below. |

**IDO Chief**

# ‘सरकारले गरेका राम्रा कामका समाचार नै बन्दैनन्’



**काठमाडौं/मस-** प्रधानमन्त्री केपी शर्मा ओलीले सरकारले गरेका राम्रा कामहरुको विषयमा समाचार नै नबन्ने गरेको गुनासो गरेका छन् । नेपाल चेम्बर अफ कमर्सका व्यवसायीहरुसँगको भेटघाटका क्रममा प्रधानमन्त्री ओलीले सरकारका राम्रा कामहरुका विषयमा समाचार नै नबन्ने गरेको गुनासो गरे ।

सरकारले सडकलाई मानवमुक्त बनाएको प्रशंग उल्लेख गर्दै ओलीले अहिले सडकमा कुनै पनि मानिस वेवारिसे नभेटिने उल्लेख गरे । ‘पहिले पहिले बालबालिकाहरु पहिले कुकुरसँग लडाई गरेर खानेकुरा टिपिरहेको देख्ने गरिन्थ्यो । अहिले यो सरकार आएपछि काठमाडौंका सडकमा बालबालिका छैनन् । उनीहरुलाई राख्ने, बस्ने, पढाउने प्रवन्ध मिलायइएको छ । मान्छेहरु सडकमा लडिरहेका हुन्थ्ये, झिंगा भन्किराख्या हुन्थ्यो, कुकुरसँग सुतिराख्या हुन्थ्यो, कुकुरले घाउ चाटिराख्या हुन्थ्यो तर आज त्यस्ता व्यक्तिहरु सडकम छैनन् । उनीहरुलाई सडकबाट उठाएर हामीले प्रवन्ध मिलाएका छौं । नेपाल भिखारीको देश होइन भन्दै आएका छौं । कोही बेघर हुनु पर्दैन् । ठग बेघरलाई घर पठाई दिने र साँच्चिकैको बेघरको प्रवन्ध सरकारले गर्दै आएको छ ।’

उनले अगाडि भने, ‘हेर्दा यी साना कुरा लाग्छन् तर सामाजिक रुपमा यसले अर्थ लाग्छ । हामीले काम गरेका छौं । त्यस्ता कामहरुको प्रशंसामा लेख्ने प्रशारण गर्ने टेलिभिजन छैन् । त्यस्ता काम छाप्ने पत्रपत्रिका छैनन् । त्यस्ता काम प्रशंसा गर्ने मुटु भएका, मन भएका सम्पादक छैनन् । यदि छ्यास्सछुस्स कसैले लेखिहाल्यो भनेपनि गाली खान्छ । राम्रा कुरा पनि गर्न थालिस विग्रिन्छस भन्छन्, सकारात्मक कुरापनि गर्न थालिस भन्ने आउँछन् ।’

प्रधानमन्त्री ओलीले आफुले जहाजको कुरा गर्दा, रेलको कुरा गर्दा ठट्टाका रुपमा लिने गरिएको भएपनि अहिले काम भइरहेको स्मरण गरे । ‘मैले जहाजका कुरा गरें, पूर्व पश्चिम रेलका कुरा गरें, उत्तर दक्षीण रेलका कुरा गरें, अहिले त्यसको कामहरु लगभग सकिएर निर्माण भइरहेको छ । पहिले हामीलाई रोडको समस्या थियो । अहिले कोलकत्ता मात्रै होइन् विसखापट्टनम, मुम्बइ, पूर्व–पश्चिम सबै ठाउँबाट रोड छ । चीनसँग पनि हामीले विभिन्न सम्झौत गरेका छौ । धेरै नाकाहरु खुलिसकेका छन्,’ उनले भने, ‘हाम्रो समाज छाउपडी र छाउगोठवाला समाज हो । हामी कहाँ छौं भन्दा छाउपडीवालाहरुको दुनियाँमा छौं । तर त्यस किसिमबाट बाहिर आउनुपर्छ । सामाजिक जागरणमा अगाडि बढ्नुपर्छ ।’

प्रधानमन्त्री ओलीले चेम्बरका व्यवसायीहरुलाई लगानीमैत्री वातावरण निर्माणका लागि ऐन कानुनहरुमा संशोधन गर्नुपर्ने भए संशोधन गर्न तयार रहेको बताए ।

## विदेशी सैन्य गठबन्धनमा सम्मिलित हुँदैनौं : परराष्ट्रमन्त्री



**गुल्मी/मस-** परराष्ट्रमन्त्री प्रदिपकुमार ज्ञवालीले नेपाल असंलग्न सिद्धान्त प्रति प्रतिवद्ध रहेको कारण कुनै पनि विदेशी सैन्य गठबन्धनमा सम्मिलित नहुने बताएका छन् । उनले कुनै पनि देशको विकास सहायतासँग बन्दुक जोडिएर नआउने भन्दै विकासका सहायताहरु सबै देशसँगबाट लिने सरकारको नीति रहेको बताए ।

मन्त्री ज्ञवालीले विकास सहायतालाई अनावश्यक रुपमा उचालेर बहसको विषय बनाएको प्रति टिप्पणी गर्दै यसलाई अनावश्यक रुपमा उचालेर मित्रराष्ट्रहरुसँगको सम्बन्धलाई धमिलो बनाउने काम कोही कसैले पनि गर्न नहुने बताए । मंगलबारदेखि शुरु भएको दोश्रो रुरु महोत्सवको उद्घाटन गर्दै मन्त्री ज्ञवालीले वर्तमान सरकार समृद्ध नेपाल सुखी नेपाली भन्ने नाराका साथ सरकारको सम्पूर्ण ध्यान देशको विकासमा केन्द्रित भएको समेत बताए ।

मन्त्री ज्ञवालीले गएका केही वर्षहरुमा एउटा सिंगो पुस्ता विकासको ‘व’ पनि नसुनेर गएको र उनीहरुले विकासको नाममा बन्दुक, बम, विद्रोह र विध्वंसको नारा सुन्दै भड्किएको भन्दै आज त्यो पुस्तासँग हातमा सर्टिफिकेट र सीप नभएका कारण उनीहरु चरम निरासामा रहेको उल्लेख गरे । उनले सशस्त्र द्वन्द र संक्रमणकालले गर्दा गुमेको विकासको अवसरलाई क्षतिपूर्ति हुने गरी वर्तमान सरकारले तीव्र रुपमा विकासको गतिलाई अघि वढाएको बताए ।

फरक प्रसंगमा मन्त्री ज्ञवालीले विधिको शासन कार्यान्वयन गर्ने कुरामा सरकार कठोर र क्रुरता पुर्वक अघि बढेका कारण पछिल्लो समयमा विकासका कामहरुले पनि गति लिन थालेको बताए । उनले जग बसाल्दै गरेको बेला घर बनेको जस्तो आकार देखिदैन, पछि त्यही जगमा घर बन्ने हो भन्दै सरकारले २२ महिनामा बसालेको जगले विस्तारै विस्तारै आकार र परिणाम दिदैं जान थालेको उल्लेख गरे ।

‘रुरु महोत्सव गौरव हो हाम्रो, संवर्द्धन गरौं धर्म र संस्कृतिको राम्रो’ भन्ने नाराका साथ गुल्मी उद्योग वाणिज्य संघ रिडी शाखा र रुरु फ्रेण्डस क्लव रिडीको संयुक्त आयोजनामा यही पुस २९ गतेदेखि माघ ९ गतेसम्म गुल्मीको रुरुक्षेत्र गाउँपालिका अन्तर्गत रिडीमा दोश्रो रुरु महोत्सव शुरु भएको हो ।

## विप्लव समूहका १६ जना कारागार चलान

**बाजुरा/मस-** नेत्रविक्रम चन्द ‘विप्लव’ नेतृत्वको केन्द्रीय नेता चुडामणि ओलीसहित १६ कार्यकर्तालाई पुर्पक्षका लागि कारागार चलान गरिएको छ । बाजुरा जिल्ला अदालतका न्यायाधीश माधवप्रसाद घिमिरेको इजलासले पक्राउ परेका १६ जनालाई पुर्पक्षका लागि कारागार चलान गर्ने आदेश दिएको जिल्ला प्रहरी कार्यालय बाजुराले जनाएको छ । सोमबार भएको पेसी बहसमा बरामदी मुचुल्का नभई बनावटी भएको र कुटपिट गरी यातना दिएर बयान गराएको प्रतिवादीको बयानमा उल्लेख छ । ती १६ जनालाई गत कात्तिक २२ गते बाजुराको गौमुल गाउँपालिका माझपालीबाट पक्राउ गरिएको थियो । ओलीसहित पक्राउ पर्नेमा नरेश शाही, डम्बर सुनार, दीपकप्रकाश सुनार, उदय कशेरा, अमललाल थापा, धर्मबहादुर थापा, राजेशकुमार शाही, डबलबहादुर नेपाली, धर्मसिंह बोहरा, कुश्मा विक, अस्मिता विक, सुस्मिता विक, कमला विक र सृष्टि सिंह छन् । तीमध्ये ११ पुरुष बाजुरा र ५ महिलालाई सोमबार नै अछाम कारागारमा चलान गरिएको जिल्ला प्रहरी कार्यालय बाजुराका प्रहरी निरीक्षक दानबहादुर रोकायाले बताए । रोल्पा गङ्गादेव-३ झ्याम घर भएका ओली विप्लव समूहका न्याय विभाग प्रमुखसमेत हुन् ।

यसअघि उनी वैशाख ६ गते तुलसीपुर उपमहानगरपालिका-३ राम्रीबाट पक्राउ परेका थिए । उनलाई दाङबाट सुनसरी पुयाएर ८० दिनको हिरासत बसाइँपछि जिल्ला अदालत सुनसरीले असार २३ गते रिहा गरेको थियो ।


### कुवेत र बहराइनमा वैदेशिक रोजगारको अवसर

१. कम्पनी: GRAND HYPER MARKET CENTRAL COMPANY WLL — शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०७६/०३/०४ पून स्वीकृत मिति: २०७६/०९/२९ चलानी नं.: ६०१४१०२७ पून चलानी नं.: ६३६ LT. No.: 221376

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Sales Lady | 0 | 16 | स. काममा दक्ष | 120 | ४४,७०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, ललितपुरमा माघ ९ गते (23 Jan. 2020) मा हुनेछ ।

२. कम्पनी: NADA DAIRY — शहर: BAHRAIN
पूर्व स्वीकृत मिति: २०७४/१०/२४ पून स्वीकृत मिति: २०७६/०९/२९ चलानी नं.: ६०१२६१३४ पून चलानी नं.: ६३५ LT. No.: 204589

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver (Heavy Vehicle) | 8 | 0 | सम्बन्धित काममा दक्ष | 175 | ५२,४८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Labour | 3 | 0 | | 80 | २३,९९५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, ललितपुरमा माघ ८ गते (22 Jan. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

लक्की एच.आर. सोलुसन प्रा. लि.
जावलाखेल, ललितपुर, नेपाल, फोन: ५५२०५६२, ५५५०६३४, ५५५५१४४, ५५५५१८०
Mob.: 9801182626, 9801182638, 9801182627, 9803611777
Email- info@merocvs.com / info@luckyhrsolution.com

### साउदी अरबमा वैदेशिक रोजगारको अवसर

कम्पनी: NOURAH ISSA FAHHAD AL - SHABRAMI GENERAL CONTRACTING EST — शहर: SAUDI
पूर्व स्वीकृत मिति: २०७६/०९/२९ चलानी नं.: ६०१५००३१ LT. No.: 230953

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factor | 7 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३०,१४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Driver Of Whole Vehicles | 3 | 0 | | 1800 | ५४,२५० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, ललितपुरमा माघ ८ गते (22 Jan. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

मादी ओभरसिज सर्भिसेस प्रा. लि.
पो.ब.नं. ५१२५, सानेपा रोड, कुपण्डोल, ललितपुर, नेपाल, फोन: ०१-५१८११३८, ५१८००३९
फ्याक्स: ५०११७८०, Email: madi5125@gmail.com | Website: www.madioverseas.com

### UAE मा वैदेशिक रोजगारको अवसर

COMPANY: AL GHURAIR IRON & STEEL LLC, ABU DHABI
पूर्व स्वीकृत मिति: २०७६/०९/२९ चलानी नं.: ६०१५००२७ L.T. No.: 230617

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ordinary Labourer | 20 | 0 | स. काममा दक्ष | 800 | २४,६३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौमा माघ ८ गते (22 Jan. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

वास्तु म्यानेजमेन्ट सर्भिसेज प्रा. लि.
Sinamangal-9, Kathmandu, Nepal, Tel.: 01-4461217, 4461317, Mob.: 9841851577
E-mail: info@vmsnepal.com, Website: www.vmsnepal.com

### फ्रि भिषा ! फ्रि टिकट ! सहित मलेशियामा रोजगार

कम्पनी: SYARIKAT LOGAM UNITRADE SDN BHD — शहर: MALAYSIA
पूर्व स्वीकृत मिति: २०७६/०९/२९ चलानी नं.: ६०१५००४० L.T. No.: 230857

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Workers | 7 | 0 | स. काममा दक्ष | 1100 | ३०,६२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौमा माघ ८ गते (22 Jan. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Reaz And Farah Employment Services Pvt. Ltd.
G.P.O. Box No.: 8925, Basundhara-8, Kathmandu, Tel 01-5903860, 5903387
Mob.: 9842405397, E-mail : reazandfarah@gmail.com
Gov. Lic. No. 1008/068/069

### मलेसियामा रोजगार

कम्पनी : TEAM GUARDS SECURITY SDN.BHD. — शहर: MALAYSIA
पूर्व स्वीकृत मिति: २०७६/०९/२९ चलानी नं.: ६०१५०११८ L.T. No.: 231187

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 20 | 0 | स. काममा दक्ष | 1100 | ३०,६२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा माघ ८ गते (22 Jan. 2020) मा हुनेछ ।

